म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ९ मंगलबार २३ साउन २०८० ने. सं. ११४३ अनलागा 8 August 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## लागूऔषधसहित महिला पक्राउ

हेटौंडा, २२ साउन/मकवानपुर प्रहरीले सोमबार लागूऔषध सहित एकजनालाई पक्राउ गरेको छ । प्रहरीले हेटौंडा उपमहानगर पालिका वडा नम्वर १५, चुरियामाई मन्दिरस्थित सडकखण्डबाट अवैध लागूऔषधसहित एकजना महिलालाई पक्राउ गरेको हो । पक्राउ पर्नेमा पर्साको वीरगंज महानगरपालिका-१७ बस्ने अन्दाजी ५० वर्षीया कलमा खातुन रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायव उपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिए । प्रहरी नायवउपरीक्षक कार्कीका अनुसार, सोमबार दिउँसो सवा २ बजेको समयमा वीरगंजबाट हेटौंडातर्फ आउँदै गरेको ना.२८ प. ७७२ नं.को मोटरसाइकल हेटौंडा-१५, पिपलचौतारास्थित पूर्वपश्चिम सडकखण्डमा चेकिङ टोलीलाई देखेर भागेको थियो । प्रहरीचौकी रातोमाटेबाट प्रहरी वरिष्ठ नायवनिरीक्षक मञ्जुकुमारी रानाको कमाण्डमा खटिएको चेकिङ टोलीलाई देखेर भागेको ती मोटरसाइकललाई पच्छ्याउँदै जाँदा हेटौंडा-१५, चुरियामाई मन्दिरस्थित सडकखण्डमा पुगेर मोटर साइकल रोकी चालक फरार भएको र मोटरसाइकलमा सवार खातुनलाई छानवीन गर्दा अवैधलागूऔषध बरामद भएको थियो ।

# हेटौंडामा डेंगुको महामारी रोक्न सरोकारवालाबीच छलफल

साझाकुरा संवाददाता



हेटौंडा, २२ साउन/ मकवानपुरमा गत वर्षझैं यसवर्ष पनि डेंगुको महामारी फैलनसक्ने भन्दै रोकथामका कार्यक्रम गर्न सबै जुट्नुपर्नेमा जोड दिइएको छ ।

जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरको आयोजना तथा जिल्ला प्रशासन कार्यालय मकवानपुरको संयोजनमा सोमबार हेटौंडामा भएको जिल्लाका सरोकार वालाबीचको अन्तरक्रिया कार्यक्रममा डेंगुले महामारीकै रुप लिने संकेत देखिएको भन्दै डेंगु रोकथामका साथै बिरामीको उपचारको लागि तयारी गर्नुपर्ने बताइएको हो ।

जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरका जनस्वास्थ्य निरीक्षक लक्ष्मण घिमिरेले हालसम्मको संक्रमणको अवस्था हेर्दा यसवर्ष पनि महामारीकै रुपमा फैलनसक्ने बताए । उनले कार्यालयका तर्फबाट प्रस्तुतीकरण गर्दै गत आर्थिक वर्ष २०७९/८० मा मकवानपुरमा ५ हजार ९ सय ६४ जनामा डेंगु संक्रमण भएको जानकारी दिए । चालु वर्षको साउन १ गतेयता मात्रै ६४ जनामा डेंगु संक्रमण पुष्टी भइसकेको उनले बताए । 'अघिल्ला वर्षहरुको संक्रमणको अवस्था हेर्दा डेंगु संक्रमण हुने मुख्य समय भनेको भदौ, असोज र कात्तिक हो । गतवर्ष साउनमा बिरामी देखिन थालेकै थिएनन्, यसवर्ष साउनमै ६४ जना संक्रमित भेटिएकाले यसवर्षको भदौदेखि कात्तिकमा संक्रमण उच्च हुने अनुमान गर्न सकिन्छ ।' घिमिरेले भने ।

गतवर्ष हेटौंडा र मनहरी गाउँपालिकामा सबैभन्दा बढी डेंगु संक्रमण फैलिएको पनि कार्यालयले तथ्यांकमा उल्लेख गरेको छ । एडिस एजिप्टाई लामखुट्टेको टोकाईबाट सर्ने डेंगु संक्रमण नियन्त्रणका लागि लामखुट्टेको बासस्थान नष्ट गर्न तीव्रताका साथ लाग्नुपर्ने स्वास्थ्य कार्यालयको सुझाव छ ।

खुला ठाउँमा जमेको सफा पानीमा लामखुट्टेले अण्डा पार्ने र लामखुट्टे वृद्धि हुने हुँदा त्यस्तो पानी जम्ने खाल्डाखुल्डी पुर्ने, पानी जम्ने भाडाँहरु, गमला, टायरलगायत खाली गराउने र औषधि छर्कने कार्यलाई सबै सरोकारवालाले अभियानकै रुपमा नियमित सञ्चालन गराउनु पर्नेमा जनस्वास्थ्य निरीक्षक घिमिरेले जोड दिए ।

कार्यक्रममा मकवानपुरका प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेढाईले डेंगु रोकथाममा सबै एकजुट भएर अघि बढ्नुपर्नेमा जोड दिँदै संक्रमण फैलिहाले उपचारको लागि पनि तयारी अवस्थामा रहनुपर्ने बताए । औषधि र किटको अभाव हुन नदिन उनले सम्बन्धित निकायको ध्यानाकर्षण पनि गराए । मोटर ग्यारेजहरुमा हुने टायरमा जम्ने पानीमा लामखुट्टेको अधिक बासस्थान हुने भएकाले सम्बन्धित ग्यारेजवालालाई त्यसको व्यवस्थापन गर्न आग्रह गरिने पनि उनले बताए ।

नेपाल रेडक्रस सोसाइटी मकवानपुरका अध्यक्ष लालबहादुर थापाले डेंगु रोकथामका लागि लामखुट्टेको बासस्थान खोज र नष्ट गर अभियान सञ्चालनका लागि उपशाखाहरुलाई निर्देश गरिसकेको बताए । डेंगु नियन्त्रण अभियानका लागि आफूहरुले स्वयमसेवक तयार गरेको भन्दै उनले केही दिनमा उनीहरुलाई परिचालन गरिने र 'खोज र नष्ट गर' अभियान चलाइने बताए ।

रक्तसञ्चार केन्द्र प्रमुख टंक दाहालले डेंगु संक्रमणका बिरामीमा सेतो रक्तकोषको अभाव हुने गरेकोमा यसवर्षबाटे मेसिन आएकाले आफूहरुले प्रयाप्त मात्रामा सेतो रक्तकोष निर्माण गरिने बताए ।

हेटौंडा अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. रामचन्द्र सापकोटाले अघिल्लो वर्ष डेंगु किट नै अभाव भएको स्मरण गराउँदै यस वर्ष अस्पतालले ३ हजार किट तयारी अवस्थामा राखेको बताए । गत वर्षझैं बिरामीको उपचारमा अस्पतालले आफूहरुको स्रोत र साधनले भ्याएसम्म काम गर्ने बताउँदै निजी अस्पतालले पनि यसमा सहयोग गर्नुपर्ने डा. सापकोटाले बताए ।

कार्यक्रममा मकवानपुर उद्योग वाणिज्य संघका उपाध्यक्ष अनिल अग्रवाल, गैरसरकारी संस्था महासंघ मकवानपुरकी अध्यक्ष र मिला सापकोटा, उपभोक्ता हित संरक्षण केन्द्रका बासु खतिवडा, हेटौंडा उपमहानगरपालिकाको स्वास्थ्य शाखाका जनस्वास्थ्य निरीक्षक भोला चौलागाईलगायतले डेंगु संक्रमण रोक्न सबै सरोकार वालाबीच हातेमालो गरेर अघि बढ्नुपर्नेमा जोड दिए ।

# उच्च अदालत हेटौंडाद्वारा एक वर्षमा १३१२ मुद्दा फछ्र्यौट

साझाकुरा संवाददाता



हेटौंडा, २२ साउन/ उच्च अदालत पाटन, हेटौंडा इजलासले आर्थिक वर्ष २०७९/८० मा एक हजार ३ सय १२ मुद्दाको फछ्र्यौट गरेको छ । चितवन र मकवानपुर जिल्लाको मुद्दा हेर्ने इजलासले एक वर्षको अवधिमा कुल मुद्दाको ७५.३६ प्रतिशत मुद्दा फछ्र्यौट गरेको हो ।

अघिल्लो आर्थिक वर्षमा जिम्मेवारी सरेर आएका र बितेको आर्थिक वर्षमा दर्ता भएका मुद्दा समेत गरेर एक हजार ७ सय ४१ वटा मुद्दामध्ये ७५ प्रतिशत भन्दा धेरै मुद्दा फैसला गरिएको रजिष्ट्रार जगदीश प्रसाद भट्टले जानकारी दिए । यसैबीच उच्च अदालत हेटौंडा इजलासले बिहीबार सञ्चारकर्मीसँग अन्तरक्रिया गरेको छ । अदालतमा चालु आर्थिक वर्षका लागि जिम्मेवारी सरेर आएका मुद्दाहरु ४२९ वटा रहेका छन् ।

अदालतमा १८ महिना नाघेको तर, दुइ वर्ष नपुगेको मुद्दा एउटा मात्र रहेको र २ नाघेको मुद्दाहरु एउटा पनि नरहेको साखा अधिकृत केशब ढुंगानाले जानकारी दिए । गतवर्षबाट जिम्मेवारी सरेको मुद्दा ५४५ थान रहेका थिए । बितेको आर्थिक वर्षमा दर्ता भएका मुद्दा १ हजार १ सय ९६ थान रहेका थिए । अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरेका मुद्दाहरु ३० वटा मात्र फैसला हुन बाँकी रहेको उनले बताए ।

अन्तरक्रियामा अदालतका मुख्य न्यायधीश अब्दुलअजिज मुसलमानले आफूहरु कानूनले निर्धारण गरेको घेराबन्दीमा रहेर काम गर्नुपर्ने बाध्यतामा रहेको बताएका छन् । न्यायधीशले निष्पक्ष, स्वतन्त्रपूर्वक काम गर्दा पनि कहिलेकाहिँ विचौलियाले खेल्न खोज्ने गरेको बताएका छन् । मुख्य न्यायधीश मुसलमानले विचौलियाबाट न्यायधीशलाई कसैले प्रभावमा पार्न खोजेको जानकारी पाएमा कारबाही गर्ने भन्दै यस्ता विषयको जानकारी दिन संचारकर्मीसमक्ष आग्रह समेत गरेका छन् । न्यायालयमा भएको कमीकमजोरी सुधार गर्न तयार रहेको उनले बताए ।

मुख्य न्यायधीश मुसलमानले अदालत प्रतिको जनआस्था कायम राख्न मिडियाको भूमिका महत्वपूर्ण रहेको बताएका छन् । पत्रकार भेटघाटमा अदालतको आदेश, फैसला र मुद्दामा प्रयोग हुने शब्द बुझ्न कठिन भएको भन्ने पत्रकारको प्रश्नमा मुख्य न्यायधीश मुसलमानले छिट्टै पत्रकार महासंघको सहकार्यमा पत्रकारसँग सहजिकारण कार्यक्रमको व्यवस्थापन गरिने कुरालाई स्पष्ट पारेका थिए ।

अदालतका रजिस्ट्रार भट्टले सरल मार्ग (६ महिना), समान्य मार्ग (१ वर्ष) र विशेष मार्ग (१८ महिना) गरी ३ मार्गमा विभाजन गरी मुद्दा फछ्र्यौट गर्ने गरेको र आर्थिक वर्ष २०७९/८० मा २ वर्ष नाघेका २०७८/०८/२१ गते दर्ता भएको मोटसाइकल चोरी सम्बन्धी एउटा मात्र मुद्दा फछ्र्यौट हुन बाँकी रहेको बताएका छन् । रजिष्ट्रार भट्टले आर्थिक वर्ष २०७९/८० अदालतले १७४१ वटा मुद्दा फछ्र्योट गर्ने लक्ष्य लिएकोमा १३१२ मुद्दा फछ्र्यौट गर्न सफल रहेको जानकारी दिए ।

अदालतका रजिस्ट्रार भट्टले अदालतमा दर्ता भएका देवानी भन्दा लागूऔषधको मुद्दा बढी र हेकोले गत वर्षको ४२९ मुद्दा फछ्र्यौट हुन बाँकी रहेको बताए । पत्रकार भेटघाटमा अदालतको यस आर्थिक वर्षमा अघिल्लो वर्षबाट ४२९ वटा मुद्दाको जिम्मेवारी सरेर आएको, गत वर्षमा १ हजार १९६ थान नयाँ मुद्दा दर्ता भएको जनाइएको छ ।

आर्थिक वर्ष २०८०/८१ मा १ हजार २६७ नयाँ मुद्दा दर्ता हुने अनुमान गरिएको र चालू वर्षमा १ हजार १०४ वटा मुद्दा फछ्र्यौट गर्ने लक्ष्य लिएको अदालतका सूचना अधिकारी केशवराज कौशिकले बताएका छन् । 'उच्च अदालत हेटौंडा इजलासले पुनरावेदन मुद्दा, सुरु मुद्दा, साधक तथा रिट र निषेधाज्ञाका मुद्दाहरु हेर्ने गरेको छ'-पत्रकार भेटघाटमा कौशिकले भने ।

कार्यक्रममा न्यायधीश राजेश्वर तिवारीले प्रेस राज्यको चौथो अंग रहेकोले देशमा शुसासन कायम गर्न मिडियाको भूमिका महत्वपूर्ण भएको बताए । उनले अदालतबाट हुने न्याय सम्पादनको कार्य अब पहिलाको जस्तो नरहेको दुई वर्ष सम्मपनि मुद्दा फछ्र्यौट हुन नसके ताल्लुकदार निकायमा लिखित प्रतिवेदन दिनुपर्ने पर्ने अवस्था रहेकोले मुद्दालाई ३ मार्गमा विभाजन गरी फछ्र्यौट गर्ने गरिएको बताए । अन्तरक्रियामा न्यायधीश तिवारीले कुनैपनि मुद्दाको अंग पुगेको अवस्थामा कसैले चाहेर पनि फैसला नरोकिने पद्दतीको विकास भएको बताए ।

अदालतमा सूचनाको हकको पूर्ण कार्यान्वयन भएको भन्दै फैसला भएको २१ दिन भित्र अदालतको वेवसाइटमा फैसलाको पूर्णपाठ अपलोड गर्ने गरिएको उनले जानकारी दिए । कार्यक्रममा न्यायधीश मेरिना श्रेष्ठ, निर्मला शाक्य, संचारकर्मी प्रताप बिष्ट, भानुभक्त आचार्य, हरि हुमागाईलगायत मकवानपुरे पत्रकार उपस्थित थिए ।

Join IT Career in HCC

Admission Open
+2
Science
Management
→ Computer Science
→ Hotel Management
→ Business Studies
Law (English)



Bachelor Program
BSc. CSIT
BCA
BBS
(T.U. Affiliated)

यस **हेटौंडा सिटी कलेज**मा **B.Sc.CSIT** कार्यक्रम अन्तर्गत दोस्रो बर्ष तेस्रो शत्र (Semester) मा अध्ययनरतछात्र **श्री दिनेश खरेलले** त्रिभुवन विश्वविद्यालयद्धारा सञ्चालित प्रथम वर्ष प्रथम शत्रको परीक्षामा **89.8 प्रतिशत (500 पुर्णाङ्कमा 449 अंक प्राप्त)** ल्याई **नेपाल प्रथम** हुन सफल हुनुभएकोमा हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

साथै, **BSc. CSIT** र **BCA** को 11 औं समूहको (**2080 Batch**) लागि **प्रवेश परीक्षा तयारी कक्षा** (**Entrance Preparation Class**) सञ्चालन भइरहेको कुराको पनि सहर्ष जानकारी गराइन्छ ।

**हेटौंडा सिटी कलेज/जेनिथ**
सम्पर्क : 057-526660, 9855069444, 9855077417, 9855067435

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

## बालबालिकामा आँखा पाक्ने रोगको प्रकोप फैलिँदै

साझाकुरा संवाददाता

हेटौंडा, २२ साउन/ हेटौंडाका स्कुले बालबालिकामा आँखा पाक्ने रोगको प्रकोप फैलिएको छ । करिब एक सातायता यसले प्रकोपको रुप लिएको बताइएको छ । यो संक्रमण विशेष गरेर हेटौंडा र आसपासका क्षेत्रका बालबालिकामा तीव्र गतिमा फैलिइरहेको छ । विद्यालय, कलेज, बसपार्क, सिनेमा हल, अस्पताललगायत भीडभाड धेरै हुने सार्वजनिकस्थल आँखा पाक्ने रोग सर्ने प्रमुख स्रोत बनेका छन् ।

हेटौंडाका सामुदायिक विद्यालयहरु साउन मसान्तसम्म वर्षेबिदा भएपनि संस्थागत विद्यालय भने संचालन भइरहेका छन् । भरतपुर महानगरपालिकाले सोमबारदेखि ५ दिनका लागि सम्पूर्ण विद्यालय बिदा दिने निर्णय गरेको छ । पछिल्ला केही दिनयता आँखा पाक्ने रोग अर्थात् एक्युट कन्जन्टिभाइटिसबाट बालबालिका बढी प्रभावित भएका छन् । चिकित्सकका अनुसार सरुवा रोग भएकाले आँखाको संक्रमण एकबाट अर्कोमा चाँडो सर्छ । पढ्नलाई विद्यालय जाने बालबालिकादेखि उपचारका लागि अस्पताल पुग्नेहरुबाट समुदायस्तरमै संक्रमण फैलिइरहेको छ ।

बाँकी पृष्ठ-४....

साझाकुरा

## हाम्रो कुरा

# सिक्दै कमाउँदै कार्यक्रमको परीक्षण

बागमती प्रदेश सरकारले प्रदेशका १३ वटा जिल्लाका ३० वटा सामुदायिक विद्यालयमा 'सिक्दै कमाउँदै कार्यक्रम' सुरु गर्ने भएको छ । प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयको 'ड्रिम भिजन' का रुपमा तयार पारिएको यो कार्यक्रम यही असोजदेखि लागु गर्न लागिएको हो । पहिलो चरणमा प्रदेशका मावि तहका ३० वटा विद्यालयमा सञ्चालन गर्न सामाजिक विकास मन्त्रालयले १ करोड ८१ लाख ५० हजार रुपैयाँ बजेट छुट्याएको छ । यो कार्यक्रमको उदेश्य शिक्षालाई सीपसँग, सीपलाई श्रमसँग, श्रमलाई उत्पादनसँग र उत्पादनलाई बजारसँग जोडेर भविष्यमा एउटा उद्यमी/व्यवसायी, सीपयुक्त र स्वाबलम्बी नागरिक तयार पार्नु हो । बितेको आर्थिक वर्षमा यो कार्यक्रम सामाजिक विकास मन्त्रालयले गरेको र चालु आर्थिक वर्षमा भने यो कार्यक्रम निर्देशनालयले गर्न लागेको हो ।

यो कार्यक्रम निकै महत्वपूर्ण कार्यक्रम हो । तर, यसको कार्यान्वयन प्रक्रिया कस्तो हुने ? विद्यार्थीहरु कत्तिको आकर्षित हुने ? विद्यालय ब्यवस्थापन समितिबाट कत्तिको सहयोग रहने ? विद्यालय छनोट प्रक्रियामा कत्तिको सरल र सहज हुने जस्ता कुराले कार्यक्रमलाई सफलता वा असफलतातिर लैजान्छ । अहिले परिश्रम गर्ने मानिसको खडेरी परेको छ । समाजमा काम गर्नेलाई भन्दा राज्यको ढुकुटी लुटेर सुकिलोमुकिलो बन्नेलाई मानसम्मान र ईज्जत गर्ने चलन छ । भारी बोक्ने, खेतबारीमा हिलोमाटो लागेको वा कछाड फाटेका मानिसलाई हेप्ने संस्कारको तीब्र विकास भएको अवस्था छ । फेरि विद्यालयमा बालबालिकालाई पढ्नका लागि पठाएको हो काम गर्न पठाएको होइन भन्ने अभिभावकको संख्या अधिक छ । बरु आफ्ना नानीबाबुले विद्यालय तहको शिक्षा अध्ययन गरेर निस्किसकेपछि बेरोजगार भए कुनै फरक पर्दैन भन्ने मान्यता रहेको पाइन्छ । स्वाबलम्बी, परिश्रमी, जीवनउपयोगी सीप जानेको नागरिक उत्पादन गर्ने भन्दा पनि अंग्रेजीमा फरर बोल्ने भए हाम्रा अभिभावकलाई अरु केही चाहिएको छैन । शिक्षालाई सीपसँग जोड्ने उदेश्यले सरकारले यो कार्यक्रम तयार पारेको भएपनि हाम्रा सामुदायिक विद्यालयमा देखिएको चरम राजनीतिले कार्यक्रम कार्यान्वयनमा चुनौती नआउला भन्न सकिन्न । गरिबीको रेखामुनि रहेका समुदायका विद्यार्थी र आफैंले कमाएर अध्ययन गर्ने ईच्छुक भएर विद्यार्थीलाई अध्यनको अतिरिक्त आयमूलक कार्य गरी पढ्ने वातावरण सिर्जना गर्न यो कार्यक्रमले सहयोग गर्ने लक्ष सरकारले लिएपनि अभिभावकको धारणा पनि बुझ्नु जरुरी छ । कार्यक्रम लागू गर्नका लागि तयार पारिएको कार्यबिधि पास भईसकेको छ ।

प्रदेश सरकारले यो वर्ष ३० वटा सामुदायिक माविमा परीक्षणको रुपमा कमाउँदै पढ्दै कार्यक्रम लागू गर्न खोजेको बताइएको छ । विद्यालयले सिक्दै कमाउँदै कार्यक्रमका लागि कृषि, ईन्जिनियरिङसम्बन्धी, पर्यटन उद्योग, वन तथा वातावरण, अटो मोबाइल, व्यावसायिक क्षेत्र र विद्यालयको हावापानी भुगोल अनुसार पेश गर्न पाउने भनिएपनि विद्यार्थीको रुचीको बिषय के हो त ? भन्ने बिषयमा अध्ययन भएको छैन । एकातिर हामी बालमैत्री विद्यालयको वातावरण खोजिरहेका छौं भने अर्कोतर्फ भयरहित वातावरण चाहेका छौं तर, विद्यार्थीले कुनैपनि सीप सिक्न चाहेन भने विद्यालयले के नै गर्न सक्ला र ? सुर्खेतको बड्डीचौरस्थित जनज्योति माविले नेपालमा पहिलोपटक विद्यालयस्तरमा 'पढ्दै कमाउँदै' कार्यक्रम सुरु गरेको थियो । विद्यालय तह पार गरेपछि विद्यार्थी उत्पादनमूलक काममा लाग्नुभन्दा पनि सीप सिक्ने काममा लाग्नु परेको अवस्थालाई परिबर्तन गर्न जनज्योति माविले विद्यालयमा व्यावहारिक शिक्षालाई जोड दिएका थियो । जनज्योति माविले सुरु गरेको 'पढ्दै कमाउँदै' कार्यक्रमलाई सरकारले पनि सुरु गर्न लागेको हो । अहिले यो कार्यक्रम राष्ट्रिय अभियानकै रुप लिएको छ । जनज्योतिका विद्यार्थीलाई सिलाइबुनाइ, तरकारी खेती, माछापालन, मौरीपालन आदिको सीप दिइन्छछ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० साउन २४ गते बुधबार ९ अगष्ट २०२३ । अष्ठमी, अधिक श्रावण कृष्णपक्ष । अनलागा ११४३ ने.सं. । सूर्योदय ५:३१, सूर्यास्त ६:४६ । विश्व आदीवासी दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : आलोचनामा वृद्धि | **तुला** | : मान्यजनबाट विवाद |
| **वृष** | : यात्रामा अवरोध | **वृश्चिक** | : अहमपनले कार्यमा हानि |
| **मिथुन** | : व्यवसायमा सफलता | **धनु** | : शत्रु नाश |
| **कर्कट** | : मान हानिले खिन्नता | **मकर** | : परिवारमा कलह |
| **सिंह** | : धर्मकार्यमा खर्च | **कुम्भ** | : रोग नाश |
| **कन्या** | : न्यायिक कार्यमा सफलता | **मीन** | : अशुभ समाचार सुन्नुपर्ने |

# राजनीतिकर्मीको उमेरहद कति हुनुपर्छ ?



✍ मोहन तिम्सिना




वयोवृद्ध नेताले राजनीतिलाई विकृत बनाए भन्दै गत चुनावताका यो आवाज निकै उठेको थियो । 'वृद्ध नेताहरूलाई बिदा गरौं' भन्ने अभियान नै चलेको थियो । तर यो अभियान लगभग असफल रफयो । प्राय: सबै वयोवृद्ध नेताले चुनाव जिते । अहिले तिनै वयोवृद्ध नेता नै राजनीतिको केन्द्रमा छन् ।

केही दिनअघि एमालेमा नेताको उमेर हद बारे छलफल चल्यो । तर यो छलफलले पनि वयोवृद्ध नेताको 'व्यवस्थापन' गर्न सकेन । एमालेमा ७० वर्षे उमेरहदको व्यवस्था थियो । आफ्ना अध्यक्ष केपी ओली ७० नाघेपछि एमालेले यो व्यवस्था नै खारेज गर्‍यो । जसपामा पनि कुरासम्म उठेको थियो तर कुनै निर्णय भएन ।

अन्य पुराना दलका मान्छे यो विषयमा बोलन चाहँदैनन् । कारण, वयोवृद्ध पात्र नै उनीहरूका प्रमुख नेता छन् । प्रमुख नेता विरुद्ध बोल्दा आफ्नो राजनीतिक करिअर संकटमा पर्छ भन्ने उनीहरूलाई डर छ । त्यसकारण यस्ता सवाल उठाएर उनीहरू 'जोखिम मोल्न' चाहँदैनन् । नयाँ र वैकल्पिक भनिएका दलमा यो विषयले प्रवेशै पाएको छैन ।

नेपालमा पेशाकर्मी तथा कर्मचारीलाई उमेरहदको व्यवस्था छ । फरक-फरक क्षेत्रमा ५८ देखि ६५ वर्षभित्र पेशाकर्मी र कर्मचारीले अनिवार्य अवकाश पाउँछन् । तर राजनीतिकर्मीका लागि यो विषयमा संवैधानिक/कानुनी व्यवस्था छैन ।

के राजनीतिमा उमेरहद जरूरी छैन ? आजसम्म यसलाई मामुली 'प्राविधिक सवाल' मानिएको छ त्यस कारण धेरै महत्व दिइएको छैन । यथार्थमा यो रणनीतिक सवाल हो । यो सोच र मूल्य-मान्यतासँग सम्बन्धित सवाल हो । यही विषयमा बन्ने धारणाले समग्र राजनीतिको चरित्र निर्धारण गर्दछ ।

### नेपाली दृष्टान्त

नेपालका दल र सत्तामा शीर्षस्थको भूमिकामा रहिसकेका नेताहरूको हालको उमेर हेरौं । कांग्रेस सभापति शेरबहादुर देउवा ७७ वर्ष । एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल ७० वर्ष, एमालेका अध्यक्ष केपी ओली ७१ वर्ष, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड ६८ वर्ष । एकीकृत समाजवादी नेता झलनाथ खनाल ७३ वर्ष र समाजवादीका अध्यक्ष डा. बाबुराम भट्टराई ६९ वर्ष ।

माथि उल्लिखित नेता नै नेपालका दल र सत्तामा हालीमुहाली गरिरहेका पात्र हुन् । जो कुनै न कुनै प्रकारले विगत २०४८ सालदेखि आजसम्म सत्ताको वरिपरि छन् । यसमा प्रचण्ड र बाबुरामको पृष्ठभूमि केही फरक हो । यद्यपि प्रचण्ड र बाबुराम पनि पार्टीको सत्तामा त २०४८ सालदेखि नै छन् ।

कुन उमेरदेखि उनीहरू सत्तामा आउन सफल भए ? यो पनि हेरौं । २०४८ सालमा देउवा ४५ वर्षका थिए । उनी प्रथम पटक प्रधानमन्त्री बन्दा ४९ वर्षका थिए । नेपाल २०४८ सालमा ३८ वर्षका र प्रधानमन्त्री बन्दा ५८ वर्षका थिए ।

ओली २०४८ सालमा ३९ वर्षका र प्रथम पटक प्रधानमन्त्री बन्दा ६३ वर्षका थिए । प्रचण्ड २०४८ सालमा ३६ वर्षका र प्रथम पटक प्रधानमन्त्री बन्दा ५४ वर्षका थिए । खनाल २०४८ सालमा ४१ वर्षका र प्रधानमन्त्री बन्दा ६१ वर्षका थिए । भट्टराई २०४८ सालमा ३७ वर्षका र प्रथम पटक प्रधानमन्त्री बन्दा ५७ वर्षका थिए ।

२०४८ देखि २०८० सम्मको कालअवधि हिसाब गर्दा पहिलो पुस्ताका नेताको सत्ताभोगको समय ३२ वर्ष हुँदोरहेछ । अर्थात्, नेपालमा यसअघि -२०७९ को चुनावअघि) हामीले एउटा व्यक्तिलाई सत्तारोहणको लागि औसत ३० वर्ष मौका दिइरहेका रहेछौं ।

२०४८ साल भनेको निर्दलीय राजतन्त्रबाट बहुदलीय व्यवस्थामा संक्रमणको युगान्तकारी घटनापछिको अवस्था हो । त्यो बेला गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, मनमोहन अधिकारी जस्ता तत्कालीन अग्रज नेता पनि थिए । जो उमेरको उत्तरार्धमा मात्र सत्तामा आउन सफल भएका थिए । त्यसैले माथिको उमेरगत हिसाब पक्कै आम परिघटना होइन ।

तैपनि माथिको आँकडाले यत्ति चाहिं भन्छ- नेपालमा यसअघि -२०७९ को चुनावअघि) औसत ३५ वर्षदेखि ७० वर्ष उमेर समूहका व्यक्तिले नै देशको नेतृत्वदायी पद धारण गरिर हेका थिए ।

पछिल्लो समय-२०७९को चुनावपछि) न्यूनतम उमेरको सीमा अलि फराकिलो भएको छ । स्थानीय सरकारको प्रमुखमा निर्वाचित हुँदा धरानका मेयर हर्क साम्पाङ ३९ वर्ष र काठमाडौंका मेयर बालेन्द्र शाह ३२ वर्षका थिए । पार्टी अध्यक्ष, उपप्रधानमन्त्री/गृहमन्त्री बन्दा राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछाने ४७ वर्षका थिए ।

रास्वपाकै सांसद सोविता गौतम र तोसिमा कार्की क्रमश: २७ वर्ष र ३२ वर्षमा प्रतिनिधिसभामा निर्वाचित भएका थिए । जनमत पार्टीका अध्यक्ष सीके राउत ४५ वर्षको उमेरमा प्रतिनिधिसभामा निर्वाचित भएका थिए । यो तथ्यले बताउँछ, वर्तमान नेपालमा औसत ३० वर्षकै उमेरदेखि राजनीतिकर्मी देशको कुनै न कुनै नेतृत्वदायी पदमा पुग्न सक्दो रहेछ ।

### वैश्विक दृष्टान्त

हाल कार्यरत वयोवृद्ध राष्ट्र प्रमुखहरूलाई हेरौं । भारतका प्रधानमन्त्री नरेन्द्र मोदी ७२ वर्ष । चीनका राष्ट्रपति सी जिनपिङ ७० वर्ष । जापानका प्रधानमन्त्री फुमियो किसिदा ६५ वर्ष । अमेरिकी राष्ट्रपति जो बाइडेन ८० वर्ष । रूसका राष्ट्रपति भ्लादिमिर पुटिन ७० वर्ष ।

हाल कार्यरत युवा राष्ट्रप्रमुखलाई हेरौं । सन् २०२१ मा २७ वर्षको उमेरमा ज्याकोमो साईमनसिमी सान मारिनोको राष्ट्रप्रमुखमा निर्वाचित भए । सोही वर्ष ३५ वर्षको उमेरमा ग्रबिल बोरिक चिलीका राष्ट्रपतिमा निर्वाचित भए । सन् २०१९ मा ३८ वर्षको उमेरमा नईव बुकाले एलसाल्भाडोरको राष्ट्रपति निर्वाचित भए । सन् २०१७ मा ३७ वर्षको उमेरमा ज्यासिण्डा केट न्युजिल्याण्डको प्रधानमन्त्रीमा निर्वाचित भइन् ।

सन् २०१८ मा ३८ वर्षको उमेरमा कार्लोस अल्भाराडो कोस्टारिकाको राष्ट्रपति भए । २०१९ मा ३९ वर्षको उमेरमा जेभियर जमोरा अण्डोराको राष्ट्रपति भए । सन् २०१७ मा ४० वर्षको उमेरमा इम्यानुअल म्याक्रोन, फ्रान्सको राष्ट्रपति भए ।

सन् २०१९ मा ३४ वर्षे सान्ना म्यारिन फिनल्याण्डको प्रधानमन्त्री निर्वाचित भइन् । सन् २०२२ मा ४२ वर्षको उमेरमा ऋषि सुनक बेलायतका प्रधानमन्त्रीमा निर्वाचित भए । यस्ता उदाहरण प्रशस्तै छन् ।

माथि उल्लिखित युवा पात्रहरूले राष्ट्रप्रमुखमा निर्वाचित हुनुअघि मातहतका कुनै न कुनै पदमा काम गरेकै थिए । यसको अर्थ यिनीहरू पनि कम्तीमा ३० वर्षको उमेरदेखि नै सार्वजनिक पद धारण गरेर आएका पात्र हुन् ।

यसरी बाहिरको परिदृश्य हेरेर पनि भन्न सकिन्छ- यदि निर्वाचित सरकारको अभ्यास सुचारु भइरहेको अवस्था हो भने कुनै पनि व्यक्तिको सत्तारोहण सुरु हुने न्यूनतम औसत उमेर ३० वर्ष हुने रहेछ । उमेर हदको व्यवस्था नगर्ने हो भने अधिकतम उमेरको भने कुनै सीमा नहुने रहेछ । अधिकांश राजनीतिकर्मी आफ्नो हात-खुट्टा चलुञ्जेल पदभोगप्रति मोह देखाउँदा रहेछन् ।

### रणनीतिक प्रश्न

राजनीतिमा उमेरहदको कुरा गर्ने बित्तिकै एउटा 'रेडिमेड' तर्क आउन सक्छ- मान्छे उमेरले होइन, मानसिकताले युवा वा वृद्ध हुन्छ । एउटा कोणबाट यो तर्कको पनि महत्व छ । किनकि, समाजमा उमेरले युवा हुँदा पनि वृद्ध जस्तो जीवन बाँचेका मान्छे प्रशस्त देखिन्छन् । उमेरले वृद्ध हुँदा युवा जस्तो जीवन बाँच्ने मान्छे पनि प्रशस्त देखिन्छन् । त्यसैले मौलिक काम गर्न कसैलाई पनि उमेरले छेक्दैन भन्नु एक हदसम्म जायजै हो ।

तर यो तर्कको पनि सीमा छ । व्यक्ति, पेशागत कर्ममै सीमित छ भने यो तर्क सान्दर्भिक नै हुन्छ । होइन, राजनीतिका लागि हो भने यो तर्कले काम गर्दैन । राजनीतिका लागि अति-युवा वा अति-वृद्ध, दुवै उमेर हानिकारक हुन्छ ।

राजनीति भनेको नीतिहरूको पनि मूल नीति हो । जसले पूरै राज्यको नेतृत्व गर्दछ । राजनीति बिग्रने बित्तिकै एक/दुई जना होइन, पूरै समाजले दु:ख पाउँछ । त्यसैले राजनीतिमा आउने पात्रको जीवनका अनेक पक्षमा ध्यान दिन जरूरी हुन्छ, जसमा उमेरको कुरा पनि महत्वपूर्ण हुन्छ ।

अति-युवालाई राजनीतिमा ल्यायो भने के हुन्छ ? यो विषयमा संभवत: सबै एकमत होलान् । नवयुवामा परिपक्वता हुँदैन । अध्ययन गर्ने उमेरमा सक्रिय राजनीति गर्नुहुँदैन, आदि ।

तर अति-वृद्धलाई राजनीतिमा रहिर हन दियो भने के हुन्छ ? यो प्रश्नमा भने प्राय: मानिसहरू गहिरो गरी सोच्न नै चाहँदैनन् । राजनीतिमा कति उमेरलाई अति-वृद्ध मान्ने ? यो प्रश्नमा पनि एकमत हुँदैन ।

### स्थूल दृष्टिकोण

न्यूनतम उमेरहदको व्यवस्था नहुँदा यहाँ किशोरावस्थाका विद्यार्थीलाई अनावश्यक दलीयकरण गर्ने होडबाजी मौलाएको छ । स्कुल र कलेजहरूमा दलहरूका स्वार्थको खिचातानीले शैक्षिक क्षेत्र अस्तव्यस्त भइरहेको छ ।

अधिकतम उमेरहदको व्यवस्था नहुँदा तत्काल यसले राजनीतिक प्रणालीमा असर पारेको छ । जसको भुक्तभोगी हामी आफैं हौं । अधिकतम उमेरहदको व्यवस्था नभएकै कारण विगत तीन दशकदेखि एकै खालका पात्र दलमा र सरकारमा हावी भएका छन् ।

उनीहरूको वर्चस्व यति बलियो छ कि कुनै युवा पार्टीभित्र उनीहरू विरुद्ध निर्णायक कदम उठाउन तयार छैन । बरु उनीहरूको मृत्युको मिति कुरेर बसेका छन् । 'यिनीहरूको शेखपछि जे गर्नुपर्छ गरौंला, अहिलेलाई जोखिम नमोलौं' भन्दै लाचार र लम्पट भएर बसिरहेका छन् ।

जब व्यक्तिलाई अति-वृद्ध उमेरसम्म पार्टीभित्र चलखेल गर्न छुट हुन्छ, तब ज्येष्ठताको कारण उसको वरिपरि एकखालको वर्चस्व बन्दो रहेछ । यदि त्यस्तो नेता नरम र उदार रहेछ भने त समस्या भएन । अहंकारी र दम्भी रहेछ भने उसले त्यो शक्ति -वर्चस्व) को दुरुपयोग गर्ने रहेछ । मातहतका सबैलाई आफ्नो अहंकारको दास बनाउने रहेछ ।

केही समय अघिका ओली र देउवाका अभिव्यक्ति हेरौं । उनीहरू लगभग एउटै भाषामा भन्दै थिए, पटक-पटक पार्टी र सरकारको नेतृत्वमा पुग्नु मेरो विशिष्ट क्षमता हो । युवाले मभन्दा क्षमतावान भएर देखाउनु पर्‍यो ।

वास्तविक कुरा गर्ने हो भने, ओली र देउवा जस्ता पात्र पटक-पटक शक्तिमा आउनु उनीहरूको विशिष्ट क्षमता होइन । यो त ज्येष्ठताले पैदा गरेको शक्ति -वर्चस्व) को दुरुपयोग हो । यो त उनीहरूको लोभ, मोह र अहंकार हो ।

उनीहरूको यही कमजोरीले देशको राजनीतिक प्रणाली विकृत भएको छ । लोकतन्त्रका नाममा सिण्डिकेट चलेको छ । पूरै राज्यमा नातावाद-कृपावाद मौलाएको छ । पार्टीभित्रै टिकटको किनबेच चलिरहेको छ । नेता-तस्कर साँठगाँठ बलियो भएको छ । मुलुक 'सेटिङ-राज्य' मा बदलिएको छ ।

सारा विकृतिको मूल जरो खोज्दै जाँदा पार्टीका तिनै वयोवृद्ध नेतासम्म पुग्छ । मानिसहरू यस्ता नेताप्रति पूरै रुष्ट छन् । कतिपयले गणतन्त्र र संघीयता नै खराब रहेछ भन्न थालिसके । तर हालत यस्तो छ कि दलका मानिसहरू यस्तै वयोवृद्ध नेताकै वरिपरि चक्कर लगाइरहेका छन् । यस्तै पात्रले चुनाव जितिरहेका छन् । उनीहरूका विरुद्ध खबरदारी गर्न कोही तयार छैन ।

ज्येष्ठताको कारण पैदा हुने वर्चस्वले मानिसलाई यसरी दास बनाउँदो रहेछ । जसले पूरै राजनीतिक प्रणालीलाई निकम्मा बनाइदिने रहेछ । मुलुकलाई भ्रष्टाचार, कमिसनखोरी, नातावाद, दण्डहीनता, अविकास, रुढिवाद र पछौटेपनाले घेर्ने रहेछ । अन्तत: यसले मुलुकलाई नै घात गर्दोरहेछ ।

निश्चय नै वयोवृद्ध नेताले मुलुकलाई योगदान दिएका छन् । उनीहरूको संघर्षमय इतिहास सबैका लागि सम्मानयोग्य छ । तर त्यो त्यतिबेला मात्र सम्माननीय रहिरहन्छ, जतिबेला उनीहरूले आफ्नो वर्चस्वलाई लोभ, मोह र अहंकारमा रूपान्तरण गर्न छोड्छन् । जतिबेला सत्ताभन्दा पर रहेर युवालाई आफ्ना अनुभव सुनाउन तयार हुन्छन् । जतिबेला आफ्नो दलभित्र नेतृत्व विकासको चिन्ता गर्न थाल्छन् ।

तर उनीहरूको चाला त यसको ठीक विपरीत छ । उनीहरू 'म विना यो मुलुकै चल्दैन' भनिरहेका छन् । हात-खुट्टा चलुञ्जेल सत्ताभोग बाहेक अरू सोचेकै छैनन् । आफ्ना दलमा भएका उमेरहदका छिटपुट व्यवस्था पनि खारेज गर्दैछन् । विगतमा संविधान पनि आफू अनुकूलको बनाए । जसमा उमेरहद बारे व्यवस्था नै गरिएन । आज त्यसैमा टेकेर पूरै मुलुकलाई बन्दी बनाइरहेका छन् ।

यसले तत्काल नेतृत्व विकासमा बाधा पैदा गरेको छ । चौतर्फी नेतृत्वको संकट देखापरेको छ । यही कारण सम्मान पाउनुपर्ने उमेरमा वयोवृद्ध नेतामाथि चर्को आलोचना भइरहेको छ ।

### सूक्ष्म दृष्टिकोण

आधुनिक मनोविज्ञानले हिजोआज रोचक कुरा गर्न थालेको छ । यसले भन्छ, शरीर मर्छ, जीवन मर्दैन । शरीर विघटन हुनु जीवन नै समाप्त हुनु होइन । जीवन 'स्थानीय तत्व' होइन, 'ब्रह्माण्डीय इकाइ' हो । ब्रह्माण्डीय स्तरमा जीवन निरन्तर रहिरहन्छ । त्यसकारण मानिसले सांसारिक कर्म गर्नु मात्र पर्याप्त हुन्न । मृत्यु गुणस्तरीय बनाउने बारे पनि सोच्नुपर्दछ ।

यस्ता मूल्यमान्यताबारे विगतमा योगीहरूले कुरा गर्दथे । जसमा चार आश्रमका कुरा आउँथे । सुरुवातको २५ वर्ष ब्रह्मचर्य र दोस्रो २५ वर्ष गृहस्थ उमेर मानिन्थ्यो । ५० वर्षदेखि उता जीविकोपार्जन बाहेकका सांसारिक महत्वाकांक्षा परित्याग गर्नुपर्ने, मृत्यु चिन्तनमा

> 'मानिसहरू जीवनको उत्तरार्द्धमा पनि सांसारिक छिनाझपटीमै घिस्रिइरहने समाजमा वृद्धबाट युवाले सिक्ने चिज केही पनि बाँकी रहँदैन । नवप्रतिभाहरू कुण्ठित हुन्छन् र समाज 'जमेको पोखरी' मा रूपान्तरण हुन्छ ।'

केन्द्रित हुनुपर्ने, क्रमश: वानप्रस्थ र सन्यास वृत्तिमा जिउनुपर्ने कुरा गरिन्थ्यो ।

प्रकारान्तरले यही मूल्य-मान्यता आज मनोविद्हरूले पनि स्वीकार गरिरहेका छन् । तर राजनीतिकर्मीहरूले आजसम्म यो मूल्यमान्यतालाई स्वीकार गरेका छैनन् ।

विगत तीन सय वर्षयताको यान्त्रिक चिन्तनले विश्वभरका मानिसलाई भौतिकवादी बन्न सिकायो । यसले भन्यो, जन्म र मृत्यु बीचको समय नै जीवन हो । भौतिक सुख -धन सुख, पद सुख र शरीर सुख) नै मानिसको जीवनको लक्ष्य हो । जीवन छउञ्जेल जति सकिन्छ, भौतिक सुख भोग गर । त्यही जीवनको पुरुषार्थ हो ।

त्यसयता मानिसले भौतिकता बाहेक अरू केही देखेको छैन । हाम्रा नेता यस्तै मूल्यमान्यताबाट हुर्किएका छन् । संविधान मार्फत हाम्रो राजनीतिमा यही मूल्यमान्यता प्रकट भएको छ । जसले राजनीतिकर्मीलाई जीवनको अन्तिम घडीसम्म शक्तिको लालसामा दौड्न प्रोत्साहित गरिरहेको छ । जुन समाजमा मानिसहरू जीवनको उत्तरार्धमा पनि सांसारिक छिनाझपटीमै घिस्रिइरहन्छन्, त्यो समाजमा वृद्धबाट युवाले सिक्ने चिज केही पनि बाँकी रहँदैन । जुन समाजमा व्यक्तिलाई ५० वर्षपछि पनि राजनीतिक पद भोग गर्ने मौका दिइन्छ, त्यहाँ नवप्रतिभाहरू कुण्ठित हुन्छन् । समाज 'जमेको पोखरी' मा रूपान्तरण हुन्छ ।

जुन समाजमा व्यक्तिको आवश्यकता र इच्छा (महत्वाकांक्षा) बीच भेद गरिँदैन, त्यो समाजमा व्यक्ति थाहै नपाई लोभ-लालच र अहंकारका कारण पागल भइसकेको हुन्छ । जसका कारण व्यक्ति-व्यक्ति बीचको सम्बन्ध कमजोर हुन्छ । अन्तत: त्यस्तो समाजमा वैयक्तिक स्वास्थ्य रुग्ण हुन्छ ।

कालक्रममा व्यक्तिमा पैदा भएको त्यही लोभ-लालचको भूत नै राज्यमा सवार हुन्छ । तब पूरै विश्व नै युद्ध, अतिवाद, अपराध, विभेद र तथाकथित 'असीमित आर्थिक वृद्धि' को होडबाजीमा पागल बन्छ । जसको परिणाम पूरै समाजको स्वास्थ्य रुग्ण हुन्छ । आज हाम्रा नेता, हाम्रो मुलुक र पूरै विश्वमा भएको नै यही हो ।

यो संसारमा मानिस मात्र यस्तो प्राणी होह जो काम, क्रोध, लोभ, मोह र अहंकारले बाँधिएको हुन्छ । यो मानिसको रोग हो । तर मानिस यो रोगको बन्धनबाट छुट्नै चाहँदैन । हाम्रो संविधान र कानुनले मानिसको यो कमजोरी देखेको छैन । यसकारण हाम्रो संविधान तथाकथित समाजवादको कुरा गर्छ तर राजनीतिकर्मीको उमेर हदको व्यवस्था गर्दैन ।

### विकल्प

हाम्रो संविधान र कानुन मानिसको कमजोरीलाई अंकुश लगाउनेतर्फ केन्द्रित भएको हुनुपर्दछ । ऋषिहरूको चार आश्रमको व्यवस्था यस्तै अंकुश हो । जसले मानिसको पूरै जीवनलाई सुनिश्चित दिशामा हिंडाउन मद्दत गर्दछ । जुन आजको 'आधुनिक समाज' का लागि पनि सान्दर्भिक देखिन्छ ।

राजनीति भनेको सांसारिक कर्म नै हो । यसको अर्थ व्यक्तिले राजनीतिमा संलग्न हुने उमेर २५ देखि ५० वर्षसम्म मात्र हो । अघिल्लो २५ वर्ष तयारीको समय हो । यो उमेरमा राजनीतिको प्राज्ञिक अध्ययन गर्नु उचित हुन्छ । सक्रिय राजनीतिमा आउनु उचित हुन्न ।

५० वर्षपछिको उमेर नयाँ पुस्ताका लागि सल्लाह-सुझाव दिने हो । यो उमेरमा हरेक व्यक्ति दलको कार्यकारी र राजकीय पद दुवैबाट मुक्त हुनुपर्दछ ।

यो मूल्यमान्यता अब हाम्रो संविधान र राजनीतिमा पनि अभिव्यक्त हुनुपर्दछ । यसका लागि 'बहुदल-एक विधान'को संवैधानिक व्यवस्था गर्नु जरूरी हुन्छ । २५ वर्ष उमेर पुगेपछि मात्र दलको सदस्यता लिन मिल्ने र ५० वर्ष पुगेपछि स्वत: दलको कार्यकारी पद र राजकीय पदमा उम्मेदवार बन्न अयोग्य हुने संवैधानिक व्यवस्था गर्नुपर्दछ । राजनीतिलाई वैकल्पिक बनाउने एउटा प्रमुख उपाय यही हो ।

निश्चय नै उमेरहद तोक्दैमा सबै समस्या हल हुँदैनन् । समग्र प्रणालीमा सुधार ल्याउन दर्शन र विचारधाराको क्षेत्रमा नै काम गर्नुपर्ने हुन्छ । यद्यपि राजनीतिकर्मीको उमेरहद मात्रले पनि समाजमा देहायका गुणात्मक बदलाव ल्याउन सक्छ ।

पहिलो, दलभित्र ज्येष्ठताको वर्चस्व बन्न पाउँदैन ।
दोस्रो, दलहरू 'जमेको पोखरी' बाट 'गतिशील नदी' मा फेरिन्छन् ।
तेस्रो, शासनसत्तामा नयाँ-नयाँ प्रतिभाहरू आउने-जाने प्रणाली तयार हुन्छ ।
चौथो, समाजमा गतिशीलता पैदा हुन्छ ।
पाँचौं, राजनीतिकर्मी भित्र लोभ र अहंकारले संस्थागत रूप धारण गर्न पाउँदैन ।

*(साभार: अनलाइखबर)*

# संसदीय समितिको सभापतिमा रास्वपा र राप्रपालाई निषेध

काठमाडौं / सत्तारुढ गठबन्धन र प्रमुख प्रतिपक्षी नेकपा एमालेले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र राप्रपालाई निषेध गर्दै संसदीय समितिको सभापति भागबण्डा गरेका छन् ।

संघीय संसदमा १३ वटा राजनीतिक दलको प्रतिनिधित्व छ भने १२ वटा विषयगत समितिको नेतृत्व रिक्त छ । निरन्तरको छलफलपछि प्रमुख तीन दल नेपाली कांग्रेस, एमाले र माओवादी केन्द्रले संसदीय समिति सभापति भागबण्डा गरेका छन् ।

प्रमुख प्रतिपक्षी एमालेका सचेतक महेश बर्तौलाका अनुसार एमालेले तीन वटा समितिको सभापति लिने सहमति भएको छ । प्रतिपक्षी दल भएकाले सार्वजनिक लेखा समितिको सभापतिमा एमालेको दाबी स्वाभाविक हो । यसबाहेक प्रतिनिधिसभा अन्तर्गतको महिला तथा सामाजिक समितिको नेतृत्व पनि पाउने छ ।

दुवै सदनको संयुक्त समिति (राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्यांकन समिति) को सभापति पनि एमालेले पाउनेछ ।

९ वटा समितिको सभापति सत्तारुढ दलहरुले भागबण्डा गर्नेछन् । कांग्रेस सांसद रामहरि खतिवडाका अनुसार चार वटा नेपाली कांग्रेसले, दुई वटा नेकपा माओवादी केन्द्रले र नेकपा एकीकृत समाजवादी, जनता समाजवादी र जनमत पार्टीले एकङ्गएक वटा विषयगत समितिको सभापति लिने सहमति भएको छ ।



संघीय संसदको संयुक्त समिति संसदीय सुनुवाइ समितिको सभापति कांग्रेसले लिनेछ । यसबाहेक कांग्रेसले अर्थ समिति, कृषि, सहकारी तथा प्राकृतिक स्रोत समिति र राज्य व्यवस्था तथा सुशासन समितिको सभापति लिनेछ ।

माओवादी केन्द्रले कानुन न्याय तथा मानवअधिकार समिति र पूर्वाधार तथा विकास समितिको सभापति लिनेछ । जसपाले अन्तर्राष्ट्रिय सम्बन्ध, जनमतले उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित र एकीकृत समाजवादीले शिक्षा स्वास्थ्य तथा सूचनाप्रविधि समितिको सभापति पाउनेछ ।

संघीय संसदमा १६ वटा समिति छन् । दुई वटा संयुक्त समिति छन् भने राष्ट्रियसभा अन्तर्गत चार वटा र प्रतिनिधिसभा अन्तर्गत १० वटा विषयगत समिति छन् ।

राष्ट्रियसभा अन्तर्गतको राष्ट्रिय सरोकार समितिको सभापतिमा एमालेकी पार्वती रावल, विधायन व्यवस्थापन समितिको सभापतिमा एकीकृत समाजवादीका वेदुराम भुसाल, प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिको सभापतिमा माओवादी केन्द्रका मायाप्रसाद शर्मा र दिगो विकास तथा सुशासन समितिको सभापतिमा कांग्रेसका प्रकाश पन्थ छन् ।

भागबण्डाअनुसार सत्ता गठबन्धनको लोसपा र नागरिक उन्मुक्तिबाहेक सबै दलले सभापति पाउनेछन् ।

तर संसदको चौथो ठूलो दल रास्वपा (२१) र राप्रपा (१४) ले कुनै पनि समितिको नेतृत्व पाउने छैनन् । जबकि रास्वपाले संसदमा आफ्नो उपस्थिति अनुसार दुई र राप्रपाले कम्तीमा एक संसदीय समितिको नेतृत्व दाबी गर्दै आएको थियो ।

दुवैलाई बाइपास गर्ने सहमतिले नयाँ दलप्रति पुराना राजनीतिक दलहरुको दृष्टिकोण कस्तो छ भन्ने देखाउने संघीय संसद सचिवालयका पूर्वमहासचिव सूर्यकिरण गुरुङ बताउँछन् ।

विगतमा संसदीय विषयगत समितिका सभापति चयन गर्दा सहमतीय वा बहुमतीयमध्ये एउटा बाटो अपनाउने गरिएको थियो । अल्पमत बहुमतका आधारमा सभापति चयन गर्दा सार्वजनिक लेखा समितिको सभापतिबाहेक सबैमा सत्तापक्षका सांसदहरु निर्वाचित हुने र सहमतीय मोडेलमा अधिकतम दलहरुले मिनी संसदको नेतृत्व पाउने गरेको पूर्वमहासचिव गुरुङ सम्झन्छन् ।

तर यसपटक सत्तारुढ र प्रमुख प्रतिपक्षी दलले मात्र भागबण्डा गर्ने गलत अभ्यास हुन लागेको भन्दै उनले भने, 'दलीय आधारमा सभापति चयन गर्ने भए संसदमा उपस्थितिका आधारमा कसले कति पाउने भनी तय गरिनुपर्ने हो, त्यसो गर्दा रास्वपा र राप्रपाले कुनै समितिको सभापति उसले पाउन सक्यो ।'

रास्वपाका उपसभापति डोलप्रसाद अर्याल भने संसदमा देखा परेको नयाँ शक्तिलाई रोक्न ठूला दलहरु एकमत भएको बताउँछन् । उनले भने, 'नयाँ शक्तिविरुद्ध पुराना दलहरु एकठाउँ देखिए । यो पुराना दलहरु हामीहरुसँग डराएको बलियो प्रमाण हो ।'

प्रमुख प्रतिपक्षी एमालेले यो वा त्यो नाममा गरेको संसदमा अवरोध पनि संसदीय समिति सभापतिको भागबण्डाका लागि र हेछ भन्ने पुष्टि भएको उनको टिप्पणी छ । प्रधानमन्त्रीले पनि झण्डै आफ्नो सरहको पार्टी रास्वपा र अलिक सानो राप्रपालाई पन्छाएर एमालेसँग मात्रै वार्ता गरेको भन्दै उनले भने, 'प्रधानमन्त्रीले सबैलाई मिलाएर लैजानुपर्ने हो, तर उहाँले पनि प्रतिपक्षमा एमालेलाई मात्रै देख्नुभयो ।'

प्रधानमन्त्रीमा पनि नयाँ शक्तिलाई पन्छाउने सोच देखिएको रास्वपा उपाध्यक्ष अर्याल बताउँछन् । उनले भने, 'हामीलाई मिनी संसदमा नेतृत्व नदिए पनि आफ्नो भूमिका देखाएरै छाड्छौं । अझ सशक्त भएर काम गर्छौं, काम गर्न पद चाहिँदैन ।'

राप्रपाका प्रमुख सचेतक ज्ञानेन्द्र शाही पनि संसद तीन दलको सिण्डिकेटमा फसेको टिप्पणी गर्छन् । भन्छन्, '१४ सिट भएको पार्टीले नपाउने, १० र ६ सिट भएका पार्टीले नेतृत्व पाउने ? यो अराजकताको पराकाष्ठा नभएर अरु केही हुन सक्छ ?'

*(स्रोत: अनलाइनखबर)*

# जतातत्तै दयाहाङ : 'बरिष्ठ बलराम'मा पनि जोडिए

काठमाडौं / यतिबेला करिअरको उचाइँमा छन्, दयाहाङ राई । अघिल्लो वर्ष 'कबड्डी ४' र 'दुई नम्बरी' र यस वर्ष 'जारी'को सफलताले उनलाई नेपाली फिल्मकै सबैभन्दा ठूलो स्टारको रुपमा उभ्याएको छ । र, उनको नाम र अनुहारले नै फिल्म बिक्छ भन्ने विश्वास मेकरहरुमा देखिएको छ । यसैले अहिले उनलाई फिल्म अफरको बाढी नै छ । उनले पनि हप्ता-हप्तामै नयाँ फिल्म सम्झौता गरिरहेका छन् ।

केही दिनअघि मात्रै दयाहाङले फिल्म 'रङ्गेली ग्याङस्टर' सम्झौता गरेका थिए । यसलगत्तै उनी नयाँ फिल्म 'बरिष्ठ बलराम'मा पनि जोडिएका छन् । उनले एक हप्ताअघि फिल्म सम्झौता गरेर साइनिङ अमाउन्ट पनि बुझिसकेका छन् । दयाहाङले यो फिल्मलाई आगामी मंसिर महिनाको समय दिएको जानकारी प्राप्त छ । त्यसअघि उनले कम्तिमा तीनवटा फिल्मको छायांकन पूरा गर्नेछन् ।



सुरेन्द्र पौडेलको निर्देशनमा बन्न लागेको 'बरिष्ठ बलराम'मा खगेन्द्र लामिछाने, दिव्या रायमाझी, विजय बराल, बुद्धि तामाङको पनि अभिनय रहनेछ । दिव्याले यही फिल्मबाट अभिनेत्रीको रुपमा डेब्यू गर्न लागेकी हुन् । उनी अभिनेता दीलिप रायमाझीकी छोरी हुन् । अहिले अमेरिकामा रहेकी उनी यो फिल्मका लागि चाँडै नेपाल आउँदैछिन् । उनले १० लाख लिएर फिल्म गर्न लागेकी हुन् ।

रोहित अधिकारीले 'बरिष्ठ बलराम'को निर्माण गर्नेछन् । यसअघि दुईवटा फिल्म 'गाजलु' र 'छ माया छपक्कै'को निर्माण गरि सकेका उनी यसै वर्ष अभिनेता अनमोल केसीलाई लिएर फिल्म 'फर्की फर्की' पनि निर्माणको तयारीमा छन् । सम्भवत: आगामी दशैंपछि यो फिल्मको छायांकन हुनसक्छ । अर्को नयाँ फिल्मका लागि रोहितको दीपकराज गिरी समुहसँग सहकार्यको प्रयास भैरहेको छ ।

# फेरि छोरीकी आमा बनिन् गरिमा

काठमाडौं / अभिनेत्री गरिमा पन्त दोस्रो पटक आमा बनेकी छन् । दुई वर्षअघि पहिलो सन्तानको रुपमा छोरीलाई जन्म दिएकी उनलाई दोस्रो सन्तान पनि छोरी नै भएको छ । उनले दुई छोरीको तस्विर सामाजिक सञ्जालमा सेअर गर्दै खुसी साटेकी छन् । गरिमाले आइतबार बेल्जियमको अस्पतालमा छोरीलाई जन्म दिएको जानकारी प्राप्त छ । पहिलो छोरी पनि उनले बेल्जियममा नै जन्म दिएकी थिइन् ।

२०७३ सालमा बेल्जियम बस्ने हरि थपलियासँग विवाह बन्धनमा बाँधिएपछि गरिमाले फिल्मबाट दूरी बनाएकी छन् । उनले फिल्ममा काम नगरेको ७ वर्षभन्दा बढी भैसकेको छ । पछिल्लो पटक फिल्म 'तीन घुम्ती'मा देखिएकी उनले २०७० सालमा प्रदर्शन भएको फिल्म 'झोला'बाट राष्ट्रिय अवार्डका साथै सार्क फिल्म फेस्टिभलमा





सर्वोत्कृष्ट अभिनेत्रीको अवार्ड समेत जित्न सफल भएकी थिइन् ।

अहिले उनले श्रीमानसँग मिलेर बेल्जियममै व्यवसाय सञ्चालन गर्दै आएकी छन् । सोझी र भलाद्मी अभिनेत्रीको छवि बनाएकी उनले 'जीवन मृत्यु', प्रितीको फूल', 'दिदी भाई', 'मनले मनलाई छुन्छ', 'ठूली', 'फूल, 'सुन्दर मेरो नाम'लगायतका दुई दर्जन बढी फिल्ममा अभिनय गरेकी छन् । उनको डेब्यू फिल्म भने 'निखिल दाई' थियो । यसपछि उनको करिअर सुखद रुपमा अगाडि बढेको थियो ।

# हचुवामा २५ करोडको सफ्टवेयर खरिद, ५ वर्षसम्म प्रयोगहीन

काठमाडौं / सरकारले विद्युतीय भुक्तानीको एकीकृत प्रणाली स्थापना गर्न भन्दै ५ वर्षअघि किनेको नेशनल पेमेन्ट गेट-वे प्रणाली उपयोगविहीन भएको छ । राष्ट्रिय सूचना प्रविधि केन्द्रले २५ करोड रुपैयाँमा किनेको उक्त सफ्टवेयर प्रयोग नै नगरी मिल्काइएको छ ।

मुलुकभित्र र बाहिरबाट हुने भुक्तानीलाई पूर्ण विद्युतीय बनाउने भन्दै केन्द्रले १९ असार २०७५ मा सीएमए नामक कम्पनीसँग नेशनल पेमेन्ट गेटवेको प्रणाली खरिद सम्झौता गरेको थियो ।

२४ करोड ७५ लाख २२ हजार लागत अनुमान गरिएको प्रणालीलाई सीएमएले २४ करोड ४२ लाखमा आपूर्ति र जडान गर्न ठेक्का पाएको थियो । सम्झौता भएको १० दिनभित्रै प्रणाली खरिद गरेको केन्द्रले अहिलेसम्म उपयोग गर्ने कानुनी आधार तयार पार्न सकेको छैन ।

रकमको कारोबार गर्नुपर्ने भएकाले यो प्रणाली प्रयोग गर्नुअघि केन्द्रले नेपाल राष्ट्र बैंकसँग गर्नुपर्ने प्रणालीको आधारभूत पक्ष, त्यसको सञ्चालन, व्यवस्थापन र नियमनबारे छलफल नै गरेन । त्यस्तै जनशक्ति व्यवस्थापन लगायतका पक्षमा पनि कुनै तयारी गरेन ।

'हामीले सूचना प्रविधि केन्द्रले नेसनल पेमेन्ट गेट-वेको प्रणाली किनेको कुरा महालेखा परीक्षकको प्रतिवेदन पढेर थाहा पाएका थियौं', राष्ट्र बैंकका एक अधिकारी भन्छन्,'भुक्तानी फर्छ्यौट ऐन २०७५ अनुसार हामीले अनुमति नदिई यस्तो सेवा सञ्चालनमा नै आउन सक्दैन, उहाँहरुले अझै अनुमति समेत लिनुभएको छैन ।'

महालेखा परीक्षकको ६० औं प्रतिवेदनले पनि गेट-वे किन्नुअघि पर्याप्त पूर्वतयारी, अध्ययन र समन्वय नहुँदा सो प्रणाली सूचना प्रविधि केन्द्रमै थन्किएको उल्लेख गरेको छ ।

'एक आपूर्तिकर्तासँग अमेरिकी डलर १९ लाख ८२ हजारमा



खरिद सम्झौता भएकोमा हालसम्म अमेरिकी डलर १८ लाख ६७ हजार भुक्तानी भएको देखिन्छ', प्रतिवेदनमा भनिएको छ । भ्याटसिहत ठेक्का रकम २२ लाख ४७ हजार अमेरिकी डलर बराबरको थियो ।

सम्झौता रकमको ९३.८६ प्रतिशत भुक्तानी भइसक्दा समेत गेट-वे प्रयोगमा नभएको भन्दै महालेखाले प्रश्न उठाएको छ । 'नेसनल पेमेन्ट गेट-वे सञ्चालनको लागि कानूनी व्यवस्था नभएकोले बैंकहरूले उक्त प्रणाली सञ्चालनमा ल्याउन सकेको देखिएन', प्रतिवेदनमा भनिएको छ, 'खरिद गरिएका उपकरण प्रयोगविहीन अवस्थामा रहेकाले आवश्यक कानुनको तर्जुमा गरी राष्ट्रिय पेमेन्ट गेट-वे सेवा सञ्चालनमा ल्याउनुपर्छ ।'

नेपाल राष्ट्र बैंकका भुक्तानी विभाग प्रमुख गुरु पौडेल राष्ट्र बैंकसहित बैंकहरुको संलग्नतामा स्थापित नेपाल क्लियरिङ हाउस लिमिटेड (एनसीएचएल)लाई नेसनल पेमेन्ट स्वीचका रुपमा कार्यान्वयन सुरु गरिसकेको बताउँछन् ।

'अब एनसीएचएल डिजिटल पेमेन्ट इन्फ्रास्ट्रक्चरका रुपमा स्थापित हुँदैछ', उनले भने, 'भारतसँग क्रसबोर्डर डिजिटल कारोबार गर्ने गरी भएको समझदारीपछि यो नेसनल पेमेन्ट इन्टरफेसका रुपमा स्थापित भइसकेको छ ।'

उनका अनुसार एनसीएचएलले निकट भविष्यमै भारतको 'रुपैयाँ कार्ड' जस्तै नेपालकै आफ्नै कार्डहरु जारी समेत गर्नेछ । राष्ट्र बैंकको प्रत्यक्ष संलग्नतामा एउटा पेमेन्ट गेट-वेले नेसनल स्वीचको मान्यता पाइसकेको अवस्थामा सरकारले किनेको २५ करोडको प्रणाली भने अब प्रयोगमा नआउने लगभग निश्चित भइसकेको छ ।

**महालेखाको ६० औं वार्षिक प्रतिवेदनको अंश**

**काम नलाग्ने प्रणालीमा लगानी**

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका अधिकारीहरु भने हतारमा खरिद गर्दा २५ करोडको प्रणाली रद्दिको टोकरीमा पुगेको टिप्पणी गर्छन् । 'राष्ट्र बैंकको प्रत्यक्ष निगरानीमा सञ्चालन हुनुपर्ने गेट-वे राष्ट्रिय सूचना प्रविधि केन्द्रले तत्कालीन समयमा के आधारमा किन्ने निर्णय गर्‍यो प्रष्ट छैन', मन्त्रालयका एक अधिकारी भन्छन् ।

एनसीएचएलले देशभरका बैंकको आवद्धतामा पेमेन्ट स्वीच चलाइरहेका बेला सूचना प्रविधि केन्द्रले जम्मा ४ वटा मात्रै बैंक जोड्न सक्ने गरी प्रणाली खरिद गरेको उनी बताउँछन् ।

सूचना प्रविधि केन्द्रले पर्याप्त छलफल र समन्वयविना कसको स्वार्थमा कमजोर प्रणाली किन्यो भन्ने प्रश्न उठेको सञ्चार मन्त्रालयका अधिकारीहरु बताउँछन् ।

सूचना प्रविधि केन्द्रले क्यास ट्रान्सफरङ्गडाइरेक्ट डिपोजिट, डाइरेक्ट डेबिट, रियल टाइम प्रोसेसिङ, ब्याच प्रोसेसिङ, सेड्युल ट्रान्ज्याक्सन प्रोसेसिङ, ट्रान्ज्याक्सन क्यू म्यानेजमेन्ट, करेन्सी कन्भर्जन, एड्रेसिङ, क्लियरिङ लगायतका सुविधा दिन सक्ने प्रणाली किनेको थियो । विज्ञहरुका अनुसार यस्ता फिचरहरु अहिले सामान्य मोबाइल बैंकिङ र डिजिटल वालेट प्रणालीमा समेत छन् ।

सूचना प्रविधि केन्द्रले महंगो मूल्यमा कमजोर प्रणाली किनेर ५ वर्षसम्म सञ्चालनमा ध्यान नदिनु आश्चर्यजनक भएको राष्ट्र बैंकका अधिकारीहरु बताउँछन् ।

अझ रोचक त के छ भने सूचना प्रविधि केन्द्रले उपयोग नै नगरेको सो प्रणालीको लाइसेन्स नवीकरणका लागि सञ्चार तथा सुचना प्रविधि मन्त्रालयसँग थप बजेट नै माग गरेको छ । 'नचाहिएको प्रणाली र प्रविधि किनेर थुपार्ने र त्यसको नवीकरणका नाममा फेरि बजेट सकाउने परिपाटी ज्यादा छ' केन्द्रका एक अधिकारी भन्छन् ।

सूचना प्रविधि केन्द्रका कार्यकारी निर्देशक प्रदीप पौडेल भने आफूहरुले किनेको प्रणाली सरकारी रकम भुक्तानीमा उपयोगमा आउन सक्ने बताउँछन् । 'यो सरकारलाई अत्यावश्यक प्रणाली हो, तर यसको कार्यान्वयनमा सरकार, सरकारी निकाय, राष्ट्र बैंक र बैंकहरुले सहयोग गर्नुपर्छ,' उनले भने, 'चाहिएअनुसार सहयोग नहुँदा समस्या भएको हो ।'

परीक्षणका लागि खरिद गरिएको प्रणालीको सुरुवाती परीक्षण नै गर्न नसकेको पौडेलले बताए । पछिल्लो समय यो प्रणाली खरिदबारे अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान गरिरहेको छ ।

**पौडेलको योजनामा मनपरी खरिद**

यो प्रणाली खरिद गर्दा सूचना प्रविधि केन्द्रमा सुनिल पौडेल निमित्त कार्यकारी निर्देशक थिए । खरिदको निर्णय र ठेक्काको मूल्यांकन प्रक्रियामा उनी आफैं संलग्न थिए ।

उनी संयोजक रहेको ठेक्का मूल्यांकन समितिमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका तत्कालीन उपसचिव (कानुन) गुणराज श्रेष्ठ, केन्द्रका तत्कालीन लेखा अधिकृत रामबहादुर बुढा, सहायक निर्देशक रमेशकुमार पोखरेल, कम्प्युटर इन्जिनियर रामशरण गायक सदस्य थिए ।

सुनिल पौडेल भन्दा पहिले सूचना प्रविधि केन्द्रमा विकल पौडेल कार्यकारी निर्देशक थिए । जो पछि सुरक्षण मुद्रण केन्द्रको कार्यकारी निर्देशक भए । अहिले उनीविरुद्ध सुरक्षण मुद्रणसंवद्ध उपकरण खरिदमा भ्रष्टाचार भएको आरोपमा विशेष अदालतमा मुद्दा दायर भएको छ । विकल पौडेलसँगै केन्द्रका तत्कानीन लेखा अधिकृत बुढा र सहायक निर्देशक पोखरेलविरुद्ध पनि मुद्दा चलिरहेको छ । पोखरेलविरुद्ध २० करोड ३८ लाख र बुढाविरुद्ध १९ करोड ८८ लाख बिगो कायम गर्दै मुद्दा परेको छ ।

पेमेन्ट गेट-वे खरिदको ठेक्का लगाएलगत्तै साउन २०७५ मा बिकल पौडेल निकटका सुनिल पौडेल केन्द्रको निमित्तबाट पूर्ण अधिकारसहितको कार्यकारी निर्देशक नियुक्त भएका थिए । चैत २०७७ यता भने उनी नेपाल टेलिकमको प्रबन्ध निर्देशकका रुपमा कार्यरत छन् । पौडेललाई तत्कालीन सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले टेलिकमको प्रबन्ध निर्देशक नियुक्ति गर्न निर्देशिका नै संशोधन गरेका थिए ।

*(स्रोत: अनलाइनखबर)*

# 'जय हो' ट्रेलर : केकीका लागि सलोन र अर्पणको लडाइँ

काठमाडौं/आगामी भदौ ८ गतेबाट प्रदर्शनमा आउन लागेको टेक पौरखी राईद्वारा निर्देशित फिल्म 'जय हो'को ट्रेलर सार्वजनिक गरिएको छ ।

अष्ट्रेलियाको र कडेलस्थित थर्डआई फंक्सन सेन्टरमा सोमबार एक कार्यक्रमका बीच सार्वजनिक गरिएको ट्रेलर अभिनेता सलोन बस्नेत र अभिनेत्री केकी अधिकारीमा केन्द्रित छ । उनीहरुको प्रेममा आउने उतार-चढाव र रोकावटलाई ट्रेलरमा देखाइएको छ ।

ट्रेलर सार्वजनिक कार्यक्रममा फिल्मका निर्माताद्वय सुरज ल्वागन (सरकार) र राज के अधिकारीसँगै सलोन बस्नेत, आमेष भण्डारी, सुशान्त कार्कीलगायतको उपस्थिति थियो ।

'जय हो' नेपालकै मितिमा अष्ट्रेलियामा पनि प्रदर्शन हुँदैछ । फिल्मको प्रचारका लागि सलोन अघिल्लो हप्ता मात्र अष्ट्रेलिया पुगेका हुन् । फिल्मको अन्तर्राष्ट्रिय प्रदर्शन अधिकार नमस्ते इन्टर टेनमेन्टले खरिद गरेको छ ।

फिल्ममा केकी र सलोनसँगै माओत्से गुरुङ, निशा अधिकारी, अर्पण थापा, सुमिन गुरुङ, सुशान्त श्रेष्ठलगायतको पनि अभिनय छ ।

शोभित बस्नेत प्रस्तुतकर्ता रहेको फिल्ममा सम्राट बस्नेतको द्वन्द्व, कविराज गहतराज र रामजी लमिछानेको कोरियोग्राफी, बनिश शाहको सम्पादन, सुरेश न्यौपानेको कथा लेखन, सौरभ लामाको छायांकन, शम्भुजित बाँस्कोटा र सागर आले मगरको संगीत छ ।

# यादव खरेलदेखि नीर शाहसम्म भुवन चैत्य बसुन्धारा पुरस्कारबाट सम्मानित

काठमाडौं/भुवन चैत्य बसुन्धारा फाउण्डेसनले दुई वर्ष (२०७८ र २०७९)को पुरस्कार एकसाथ वितरण गरेको छ । आइतबार चलचित्र विकास बोर्डमा एक कार्यक्रमका बीच सञ्चारमन्त्री रेखा शर्माले फिल्मकर्मी र संगीतकर्मीलाई भुवन चैत्य बसुन्धारा पुरस्कारबाट सम्मानित गरेकी हुन् । सिभिल सेभिङ सहकारीमा फाउण्डेसनको १५ लाख रुपैयाँ फसेपछि दुई वर्ष पुरस्कार वितरण हुन सकेको थिएन ।

२०७८ सालको हरिश-भुवनचन्द पुरस्कार निर्देशक यादव खरेल र २०७९ सालको पुरस्कार कलाकार नीर शाहलाई प्रदान गरियो । यसैगरी संगीतकर्मी गणेश रसिकले ०७८ साल र अभिनेता शिव श्रेष्ठले ०७९ सालको चैत्यदेवी पुरस्कार प्राप्त गरे । यस्तै, अभिनेत्री मिथिला शर्मा ०७८ साल र अभिनेत्री शर्मिला मल्ल ०७९ सालको चेत नारायण-बसुन्धरा भुसाल पुरस्कार बाट सम्मानित भएका छन् ।

यो पुरस्कारको राशी जनही एकाउन्न हजार रहेको छ । कार्यक्रममा चलचित्र विकास बोर्डका अध्यक्ष भुवन केसी, कलाकार संघका अध्यक्ष मोहन निरौला, रमेश बुढाथोकी, कृष्ण मल्ल, चेतन सापकोटा, करिश्मा मानन्धर, आकाश अधिकारीलगायतको उपस्थिति थियो । भुवन चैत्य बसुन्धारा फाउण्डेसन २०७५ सालमा स्थापना भएको थियो । यस फाउण्डेसनकी अध्यक्ष भुवन थापा चन्द हुन् ।

**के तपाई फोटोकपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# हैसियत बिग्रेका वन सुदृढ गर्न ३ करोड ६० लाख रुपैयाँ खर्च गरिने

साझाकुरा संवाददाता

हेटौंडा, २२ साउन/ बागमती प्रदेशको वन तथा वातावरण मन्त्रालयले हैसियत बिग्रेको सरकारी वन संरक्षणलाई निरन्तरता दिने भएको छ ।

गत आर्थिक वर्षमा केही जिल्लामा मात्र यो कार्यक्रम गरेको वन मन्त्रालयले चालुआर्थिक वर्षमा माग र आवस्यकताका आधारमा हैसियत बिग्रेका वनलाई संरक्षण गर्न लागेको हो । बिभिन्न कारणले हैसियत बिग्रेको सरकारी वन क्षेत्रमा मन्त्रालयले ३ करोड ६० लाख रुपैयाँ खर्च गरेर पुनरोत्पादन प्रवर्द्धन तथा संरक्षण गर्न लागेको हो ।

अहिले यो बजेट मन्त्रालयमा रहेपनि प्रदेशका १३ वटै जिल्लाका डिभिजन वन कार्यालय अन्तरगतका क्षेत्रमा मागका आधारमा हैसियत बिग्रेको वन संरक्षण गर्न खर्च गरिने वन तथा वातावरण मन्त्रालयका प्रवक्ता प्रल्हादप्रसाद धितालले जानकारी दिए । गत आर्थिक वर्षमा मकवानपुर, चितवन लगायतका जिल्लामा गरिएको यो कार्यक्रम प्रभावकारी भएको र चालु आर्थिक वर्षमा यस कार्यक्रमलाई मागका आधारमा बृद्धि गरिने उनले बताए ।

गत आर्थिक वर्षमा मकवानपुरका बिभिन्न वन समूहमा आबद्ध गरिब किसानले हैसियत बिग्रेका वन व्यवस्थापन गरी राम्रो आम्दानी गर्न सक्षम भएका छन् । यहाँको हैसियत बिग्रेको वन व्यवस्थापन गरेर नयाँ बिरुवा हुर्केपछि गरिब किसानको आयआर्जनमा सहयोग पुग्ने लक्ष राखिएको छ । वनमा विभिन्न जातका रुख, फलफूल, जमिन मलिलो गराउने विभिन्न जातका बोटबिरुवा, घाँस, डालेघाँस लगाउने कार्य भएको छ ।

घाँसले पशुपालन गर्ने किसानलाई सहज गराएको छ । अम्रिसोका बिरुवा, कुचो, घाँससमेतमा आम्दानी गर्न सहज भएको छ । वनको पुनरोत्थान गरेपछि वन सबैका लागि वरदान साबित भएको बताइएको छ । गाउँमै बसेर आम्दानी गर्न किसानका लागि थप सहयोग पुग्ने उपभोक्ताले बताएका छन् । उनीहरुलाई अझ प्रोत्साहन गरी लगनशील बनाउन यो कामले सहयोग गरेको छ । हैसियत बिग्रेको वनलाई पुनरोत्थान गर्दा जलवायु परिवर्तनका असरलाई पनि न्यूनीकरण गर्न सहयोग पुग्ने लक्ष्य लिइएको छ ।

स्थानीयकै सक्रियतामा वन हराभरा हुने र जलवायु परिवर्तनबाट हुने असरलाई न्यूनीकरणमा सहयोग पुग्ने बताइएको छ । समुदायमा आधारित वन व्यवस्थापनको अभ्यास वन स्रोतको संरक्षण तथा व्यवस्थापनका लागि सफल प्रणाली सावित भएको छ । यसलाई वन विनास कम गर्ने, वनको हैसियत सुधार गर्ने, गरिबी घटाउने माध्यमका रुपमा लिइएको छ । सामुदायिक वन समूहले व्यवस्थापन गर्दै आएका वन क्षेत्रसँग हजारौं स्थानीय विपन्नको जीविकोपार्जन उकास्न सक्ने सम्भावना रहेको छ । विभिन्न अध्ययनले ग्रामीण क्षेत्रका सम्पन्न मानिसभन्दा विपन्न तथा सीमान्तकृत मानिस सामुदायिक वनमा उपलब्ध स्रोतमा बढी आश्रित भएको देखाएको छ ।

जसले गर्दा स्थानीयस्तरमा आफूलाई पायक पर्ने वन क्षेत्रका उपभोक्ताले समिति गठन गरी वनको संरक्षण गर्नका लागि जिल्ला वन कार्यालयबाट समूहलाई हस्तान्तरण गर्न लगाउने प्रक्रिया अभियानको रुपमा बढ्यो। यो अभ्यासले तीव्र रुपमा बढ्दै गएको वन फडानी रोकियो । सामुदायिक वन हाम्रा लागि हो भन्ने सामूहिक भावनाको विकास हुँदै गयो । समुदाय यसतर्फ अग्रसर हुँदै गए । नेपाल सरकारले सामुदायिक वनको मार्गदर्शन, २००९ मा विपन्न वर्गको पहिचान, उपसमूह गठन र यसको विधि सम्बन्धी स्पष्टरुपमा उल्लेख गऱ्यो ।

यो व्यवस्थाले सामुदायिक वन उपभोक्ता समूहमा उपसमूहको गठन गरी सामुदायिक वनका हैसियत बिग्रेका क्षेत्रको व्यवस्थापन र उपयोगका निम्ति प्रदान गर्नका लागि कानूनी आधार समेत प्रदान गरेको छ । सामुदायिक वन पद्धतिलाई विश्व समुदायले पनि एउटा सफल मोडलका रुपमा अपनाएको छ । वनजन्य श्रोतमा अति गरिब र सीमान्तकृत समुदायको निर्णय प्रक्रिया तथा लाभांश वितरण प्रणालीमा पहुँच भने अझै पनि न्यून देखिन्छ । उजाड क्षेत्र वा हैसियत बिग्रिएका क्षेत्रलाई निश्चित समयका लागि कबुलियतनामा गरी आयआर्जनका क्रियाकलाप बढाउने काम गर्दछन् ।

## ग्रीन फाउण्डेशन नेपालद्वारा रानीको अवलोकन

साझाकुरा संवाददाता

हेटौंडा, २२ साउन/ग्रीन फाउण्डेशन नेपालद्वारा हेटौंडा-६, चौघडामा रहेको रानी सामुदायिक वन उपभोक्ता समूहको अवलोकन गरेका छन् ।

अवलोकनकर्तालाई स्वागत गर्दै रानी सामुदायिक वनका कार्यालय सचिव भीमसेन पौडेलले समूहले गरेका विभिन्न गतिविधिको बारेमा जानकारी गराएका थिए । कार्यालय सचिव पौडेलले समूहको ऐतिहासिक पृष्ठभूमि, वनको व्यवस्थापन, सदुपयोग, आयआर्जन, सामाजिक कार्य, संस्थागत विकास, महिला सहभागिता, पर्यापर्यटन, स्वास्थ्य, शिक्षा लगायतका विषयमा सहभागीलाई जानकारी गराएका थिए ।

भ्रमणका सहभागीले समूहका उपभोक्ता रामकुमार राई, रामचन्द्र राई र बिर्जु राईले बाँसद्वारा तयार गरिएको पेन स्टैण्ड, चुरी स्टैण्ड, मन्दिर, घर, जहाज, भित्रे घडी, रामकृष्ण राईले तयार गरेको मुढा लगायतको स्थलगत अवलोकन गरेका थिए । सहभागीले पिप्ले पोखरा सामुदायिक वनका उपभोक्ता समूहको पनि अवलोकन गरेका छन् ।

ग्रीन फाउण्डेशन नेपालका अध्यक्ष घनश्याम पाण्डेको नेतृत्वमा आएको भ्रमण दलमा दाङ, कैलाली, मकवानपुर, काडमाडौं लगायत जिल्लाका २५ जनाको सहभागिता थियो ।

# केन्द्रीय दुग्ध सहकारी संघको आन्दोलनको घोषणा

साझाकुरा संवाददाता

हेटौंडा, २२ साउन/ सरकारको बजेट तथा नीति कार्यक्रममा कृषि र पशुपालनसँग सम्बन्धित कार्यालयहरु खारेजी तथा अन्य निकायमा गाभ्ने विषयमा केन्द्रीय दुग्ध सहकारी संघले आपत्ति जनाएको छ ।

संघले प्रेस विज्ञप्ती जारी गरी सरकारको कृषि र पशुपालनसंग सम्बन्धित २० वटा कार्यालयहरु खरेजी तथा अन्य निकायमा गाभ्ने विषयमा गम्भिर ध्यानाकर्षण भएको जनाएको हो ।

सरकारले जेठ १५ गतेको बजेट तथा नीति कार्यक्रममा कृषि र पशुपालनसँग सम्बन्धित २० वटा कार्यालय खारेजी तथा अन्य निकायमा गाभ्ने निर्णय गरेको थियो । संघले सरकारको यो निणर्य फिर्ता नगरे देशब्यापी आन्दोलन गर्ने चेतावनी दिएको छ । संघले सात बुँदे माग पूरा नगरे साउन २८ गतेदेखि आन्दोलन गर्ने जनाएको हो ।

संघका अध्यक्ष अम्मर बहदुर कुँवर तथा महासचिव र ामप्रसाद आचार्यले हस्ताक्षर गरेको विज्ञप्तीमा दुग्ध विकास बोर्डको खारेजी तुरुन्त फिर्ता लिनुपर्ने, सीमानाकामा रहेका पशु क्वारेन्टाइन कार्यालय, पशु तथा कृषिका केन्द्रीय प्रयोगशाला खारेजी गर्ने निर्णय तुरुन्त फिर्ता लिनुपर्ने उल्लेख छ ।

लम्पी स्किन रोगबाट किसानले ठुलो क्षति भोग्नुपरीरहेकाले यसको रोकथाममा आवश्यक उपचार र नेक्सानी भएका पशुको क्षतिपूर्ति तुरुन्त उपलब्ध गराइनुपर्ने, मिल्क होलिडेको अन्त्य गरी पशुपालन पेसालाई सुनिश्चित र व्यावसायिक रुपमा अगाडि बढाउने कार्यक्रम ल्याइनुपर्ने लगायतका माग अघि सारिएको छ ।

किसानले खाइपाई आएको मूल्य कुनै पनि बाहानामा घटाउन नपाइने र उद्योगले यो भन्दा अघिको सम्झौता अनुसार खरीदगरीरहेको दूध कुनै पनि बाहनामा कटौति गर्न नपाइने उल्लेख छ । संघले दूधको उत्पादन लागत कम गरी विदेशी उत्पादनसँग प्रतिस्पर्धा गर्न सक्ने अवस्था सृजना गर्न माग गरेको छ भने प्रत्यक्ष किसानले प्राप्त गर्ने गरी उत्पादनका आधारमा अनुदानका कार्यक्रम घोषणा गरियोस् भन्ने माग राखिएको छ ।

त्यस्तै विदेशबाट आउने जुनसुकै कच्चा दुध तथा दुग्धजन्यपदार्थ पूर्णरुपले बन्द गरियोस् र सहकारीको माध्यमबाट पशुधन संरक्षण कार्यक्रम लागू गरियोस् भन्ने पनि माग गरेको छ । संघको मागलाई पूरा नगरे साउन २८ गते सबै जिल्ला प्रशासनमा ज्ञापनपत्र बुझाउने, ३० गते काठमाडौंको मन्त्री क्वाटर पुल्चोकमा ब्यानर कार्ड सहित प्रदर्शनी गर्ने ३१ गते बालुवाटार घेराउ गरी धर्ना बस्ने र ३२ गते पत्रकार सम्मेलन गरी थप आन्दोलनका कायक्रम घोषणा गर्ने विज्ञप्तीमा उल्लेख छ ।

दैनिक १२ लाख लिटर दूध संकलन गरी दैनिक ६ करोड सहरको पूँजी गाउँ पुऱ्याउँदै गरीव विपन्न किसानको आयआर्जनमा टेवा पुऱ्याएको संघको दावी छ । सरकारले दुग्ध उत्पादन पेशालाई धरासाही नबनाई यस पेशाप्रति आकर्षित गराई देशलाई दूध तथा दुग्धपदार्थमा आत्मनिर्भर बनाउने कार्यक्रम ल्याउनुपर्ने संघको भनाई छ ।

राष्ट्रिय अर्थतन्त्रमा पशुपालन क्षेत्रको ९ प्रतिशत र दुग्ध उत्पादन क्षेत्रको जिडिपिमा ६ प्रतिशत योगदान रहेको र ३० लाख कृषक परिवारको दैनिक जीविकोपार्जन र हजारौ रोजगारी सृजना गरेको संघको भनाई छ । १ हजार ८७२ दुग्ध सहकारीले क्रियाशील भई आम दुग्ध उत्पादक किसानको हितमा कार्य गर्दै आएको संघले जनाएको छ ।

## सीटीईभीटी अन्तर्गतका २२८ शिक्षण संस्था बन्द

काठमाडौं/चिकित्सा शिक्षा आयोग गठन भएपछि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सीटीईभीटी) अन्तर्गत सञ्चालनमा रहेका २२८ वटा शिक्षण संस्था बन्द भएको छ । चिकित्सा शिक्षा सरोकार तथा संघर्ष समितिले सोमबार पत्रकार सम्मेलन गरी शिक्षण संस्था बन्द हुँदा विद्यार्थी, शिक्षक, कर्मचारी, सञ्चालक समस्यामा परेको बताए ।

चिकित्सा शिक्षा आयोग गठन भएदेखि हालसम्म प्रि- डिप्लोमा तहका स्वास्थ्य विषयका १३७ वटा, डिप्लोमा तहका (स्टाफ नर्स) ७३ वटा, स्नातक तहका बीएनका १० वटा र बीएस्सी नर्सिङका ८ गरी २२८ वटा शिक्षण संस्था बन्द भएका हुन् ।

चिकित्सा शिक्षा ऐन २०७५ ले विद्यार्थीको पढाई र अभ्यासको लागि मेडिकलतर्फ कम्तीमा तीन सय तथा डेण्टल र नर्सिङतर्फ एक सय शय्याको अस्पताल अनिवार्य सञ्चालन हुनुपर्ने व्यवस्था गरेको छ । चिकित्सा शिक्षा आयोगले ऐनले तोकेको मापदण्ड नपुगेका शिक्षण संस्था बन्द गराएको हो ।

चिकित्सा शिक्षा सरोकार तथा संघर्ष समितिका संयोजक निर्मल सापकोटाले ऐनको व्यवस्था व्यवस्था देखाउँदै आयोगले प्रमाण पत्र तहको नर्सिङ कलेजहरुलाई मात्रै अंकुश लगाएको आरोप लगाए ।

'यो ऐनले व्यवस्था गरेको मापदण्ड नर्सिङ कलेजमा मात्रै किन लागू भयो ?' उनले प्रश्न गरे, 'ऐनले त डेण्टलमा पनि सय बेड हुनुपर्छ भनेको छ तर चलिरहेका छन् ।'

**१५ अर्ब लगानी डुबेको दाबी**

शैक्षिक संस्था बन्द हुँदा १५ अर्ब डुबेको सञ्चालकहरूले दाबी गरेका छन् । 'निजी क्षेत्रको १५ अर्ब बराबरको लगानी असुरक्षित हुनुको साथै शिक्षक तथा कर्मचारी वेराजगार भएका छन्', संयोजक सापकोटाले भने । शैक्षिक संस्था बन्दा हुँदा ७ हजार ५५ जना शिक्षक तथा कर्मचारीहरूको रोजगारी गुमेको पनि उनले बताए ।

फोरम फर हेल्थ एण्ड टेक्निकल साइन्सका अध्यक्ष डा. नेत्रराज चटौतका अनुसार चिकित्सा शिक्षा आयोग ऐनको व्यवस्थाले नर्सिङ विषयतर्फ मात्र ३ हजार ४८० सिट भर्ना क्षमतामा कमी आएको छ । उनले भने 'तीन वर्षअघिको स्थितिमा ४ हजार बढी हुन्थे । तर आजको दिनमा सीटीईभीले १ हजार २ सय (भर्ना) लिन्छ । २ हजार ८ सय कम जनशक्ति उत्पादन भइरहेका छन् ।'

राष्ट्रिय चिकित्सा शिक्षा ऐन २०७५ मा नर्सिङ कार्यक्रम सञ्चालन गर्ने शिक्षालयसँग २ वर्षभित्र १०० शय्याको आफ्नै अस्पताल हुनुपर्ने व्यवस्था गरेको छ । तर दुई वर्षमा अस्पताल बनाउन सम्भव नहुने अध्यक्ष चटौत बताउँछन् ।

# गाँजासहित मकवानपुरका दुई र भारतीय ४ जना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, २२ साउन/ अवैध लागुऔषध १५७ किलो गाँजासहित ७ जनालाई पक्राउ गरी जिल्ला प्रहरी कार्यालय बाराले सोमबार सार्वजनिक गरेको छ ।

गोप्य सूचनाका आधारमा इलाका प्रहरी कार्यालय सिमराबाट खटिएको प्रहरी टोलीले आइतबार बेलुकी जीतपुरसिमरा उपमहानरपालिका वडा नं २२ अमलेखगंजस्थित जंगलबाट गाँजा सहित उनीहरुलाई पक्राउ गरेको हो ।

गाँजा ओसार पसारमा प्रयोग भएका ३ वटा सवारी र ४ जना भारतीय नागरिकसहित ७ जनालाई पक्राउ गरिएको बारा प्रहरीले जनाएको छ । बा ११ च ४९९२ नम्बरको स्कर्पियोबाट मकवानपुर जिल्ला हेटौंडा उपमहानगरपालिका १ बस्ने ३९ वर्षका रोशन नेगीले ठूलो परिमाणको गाँजा ओसारेको प्रहरीले वताएको छ । स्कर्पियोमा ६ पोकामा १५७ केजी गाँजा फेला परेको थियो ।

यस्तै गाँजा लिएर आउनेमा मकवानपुर भीमफेदी गाउँपालिका वडा नं ९ का ३० वर्षीय मुकेश लामा, जीतपुरसिमरा उपमहानगरपालिका वडा नं २२ अमलेखगंजका ३३ वर्षीय बुद्ध पाख्रिन पनि पक्राउ परेका छन् ।

यसैगरी गाँजा लिन आएको बीआर ०५ जी ८६५६ नंबरको भारतीय पिकअप एक र बीआर ०५ एजेड ८९६१ नंबरको भारतीय पल्सर मोटरसाइकल एकसहित ४ जना भारतीय नागरिकसमेत पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा भारत मोतिहारीका २६ वर्षका अलि अहमद भाट, २३ वर्षका जमालुदिन खान, १८ वर्षका देव कुमार र ३५ वर्षका जागिरदिन मियाँ रहेको प्रहरीले जानकारी दिएको छ । पक्राउ परेकाहरुमाथि आगुऔधषसम्बन्धी मुद्दामा जिल्ला अदालत बाराबाट म्याद थप गरी अनुसन्धान भैरहेको बाराका प्रहरी उपरीक्षक होबिन्द्र बोगटीले जानकारी दिएका छन् ।

# बालबालिकामा आँखा...

पढ्नलाई विद्यालय जाने बालबालिकादेखि उपचारका लागि अस्पताल पुग्नेहरुबाट समुदायस्तरमै संक्रमण फैलिइरहेको छ । तर, यसको रोकथामका लागि कुनै उपाय अवलम्बन गरिएको छैन ।

विद्यालयदेखि सरकार सम्म मौन छन् । मानवशरीरको महत्वपूर्ण अंगमध्येको आँखा जोगाउन अपनाउनुपर्ने सावधानीलगायतका विषयमा जनचेतामूलक कार्यक्रम सञ्चालन गरिएको छैन । अनियन्त्रित बनेको संक्रमण फैलन नदिन सतर्कता अपनाइएको छैन ।

चिकित्सकका अनुसार एक्युट कन्जन्टिभाइटिस संक्रमण सामान्यत: ७ देखि १० दिनसम्म र हन्छ । तर, कसैकसैमा भने जटिल बनेर आँखाको कोर्नियामा समेत असर गर्न सक्छ ।

संक्रमण देखिनासाथ उपचार प्रक्रियामा जानुपर्ने चिकित्सकले बताएका छन् । यस्तो संक्रमण हुँदा आँखा गुलाबी वा रातो देखिने, चिलाउने, पोल्ने, पानी बग्ने, चिप्रा लाग्ने लगायतका लक्षण देखिन्छ ।

बिरामीको परेला सुन्निने, आखाँमा केही बिझे जस्तो महसुस हुने, उज्यालो हेर्न गाह्रो हुने, दृष्टि धमिलो हुने लगायतका समस्या पनि देखिन सक्छ ।


खुल्दैछ ! खुल्दैछ ! खुल्दैछ !

(उत्तराखण्ड चारधाम)

बद्रीनाथ केदारनाथ तिर्थयात्राको लागि २०८० भदौ १८ गतेबाट विभिन्न मितिमा रिजर्भ बस खुल्दैछ ।

**दर्शनीय स्थानहरू** :- महेन्द्रनगर, हरिद्वार, ऋषीकेश, फुलछट्टी, एमनोत्री (पहिलो धाम) ६ कि.मी. पैदल यात्रा, उत्तर काँशी, गंगनानी, गंगोत्री (दोश्रो धाम) रूद्र प्रयाग, गुप्तकाँशी, गौरीकुण्ड, केदारनाथ (तेश्रो धाम) १४ कि.मी. पैदल यात्रा (जोशी मठ) बद्रीनाथ, (चौथो धाम) ब्रम्हकपाली गरी १७ देखी १८ दिनमा नेपाल आईपुग्नेछ ।

भाडा प्रति यात्री ने.रु. ३०००५/- लाग्ने छ (बिहान बेलुकी खाना सहित ) नोट:- रिक्सा टाङ्गा, धर्मशाला, अन्य खर्च यात्रु स्वयंले बेहर्नुपर्नेछ । सम्पर्क:-

**गोपाल थापा, हेटौंडा बसपार्क**

मोवाईल नं. : ९८४५२९७६८१ घण्टी बाजे मनरवा, बारा,

मोवाईल नं. ९८४५८०८४०२



"आयो टप्प टिपी लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो
इन्द्रै बिन्ती गरुन् झुकेर पदमा त्यो बिन्ती मान्दैन त्यो"

भावपूर्ण श्रद्धाञ्जली



जन्मः १९९७ फागुन १२

स्वर्गारोहण: २०८० साउन ११

स्व: कृष्णदेवी कोइराला

हाम्रा माता/सासु/हजुरआमा कृष्णदेवी कोइरालाको ८३ बर्षको उमेरमा धामगमन हुनु भएको १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछौं । दु:खको यस घडीमा हामीप्रति सहयोग, सहानुभूति प्रकट गर्नुहुने सम्पूर्ण ईष्टमित्र, बन्धुबान्धव, संघसंस्था, राजनैतिकदलहरु, आफन्तजनप्रति हार्दिक आभार प्रकट गर्दै अन्त्येष्ठीका क्रममा सागरमा पाल्नुहुने तथा घरमै आई समवेदना ब्यक्त गर्नुहुने महानुभावहरुलाई पितृप्रसाद ग्रहण गरिदिनुहुन हार्दिक आमन्त्रणसमेत गर्दछौं ।

विनित

कार्यक्रम :

मिति : २०८० साउन २३ गते मंगलबार
समय : दिनको ३:०० बजेदेखि
स्थान : हेटौंडा-४, प्रतिभानगर (आफ्नै निवास)

छोरा/बुहारी: रमेश/लक्ष्मी कोइराला, केदार/दुर्गा कोइराला

नातिनि/नातिहरु : मन्दिरा/मनिता/अनिसा कोइराला, मनिष/अजय कोइराला

असमर्थताको लागि : ९८४४०८०६७६

एवम्

सम्पूर्ण कोइराला परिवार, हेटौंडा-४, प्रतिभानगर


हेटौंडा उपमहानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

हेटौंडा, मकवानपुर

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

*प्रथम पटक प्रकाशित मिति २०८०/०४/२३*

हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयको लागि आवश्यक रहेको तपसिल बमोजिमको पदमा नगर कार्यपालिकाको मिति २०८०।०४।०५ गतेको निर्णयानुसार प्रतिस्पर्धाको माध्यमबाट करारमा नियुक्ति गरी कार्य गराउनु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रथम पटक प्रकाशित मितिले १५ (पन्ध्र) दिनभित्र आवश्यक कागजात र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा आवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | विज्ञापन नं. | पद/तह | संख्या |
|---|---|---|---|
| १. | १/०८०/८१ | अभिलेख प्रशासक/अधिकृत छैटौ सरह | १ (एक) |
| २. | २/०८०/८१ | खाद्य प्राविधिक/सहायक चौथो सरह | १ (एक) |
| ३. | ३/०८०/८१ | माटो परीक्षण प्राविधिक/सहायक चौथो सरह | १ (एक) |

**१. आवश्यक न्यूनतम शैक्षिक योग्यता :-**

क) अभिलेख प्रशासक पदको लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट कानून विषयलिई कम्तीमा स्नातक तह वा सो सरह उर्त्तीण गरेको ।

ख) खाद्य प्राविधिक सहायक पदको लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी.वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विषयमा एक वर्षे जे.टी.ए. तालिम प्राप्त वा कृषि विषयमा टि.एस.एल.सी./पी.जे.टी.ए. उत्तीर्ण गरेको ।

ग) माटो प्राविधिक सहायक पदको लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी.वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विषयमा एक वर्षे जे.टी.ए. तालिम प्राप्तवा कृषि विषयमा टि.एस.एल.सी./पी.जे.टी.ए. उत्तीर्ण गरेको ।

**२) उमेर:** दरखास्तदिने अन्तिम मितिसम्ममा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

३) भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको ।

**४) दरखास्त दिने स्थान :-** हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय ।

**५. दरखास्त दिने अन्तिम मिति :-** २०८० साल भाद्र ५ गते (उक्त दिन सार्वजनिक विदा परेमा सो को भोलीपल्ट)

**६. आवेदन दस्तुर :-** अभिलेख प्रशासक पदको लागि रु. १००० (एक हजार मात्र) तथा अन्य पदका लागि रु.५०० (पाँच सय मात्र) यस कार्यालयको राजश्व शाखामा नगद बुझाइ पेश गर्नु पर्ने ।

**७. छनौटको किसिम :-** लिखित परीक्षा, प्रयोगात्मक परीक्षा (खाद्य प्राविधिक र माटो परीक्षण प्राविधिकको लागि मात्र) र अन्तर्वार्ता

**८. प्राथमिकता :** सम्बन्धित स्थानीय तह तथा क्षेत्रमा काम गरेकाहरुको लागि प्राथमिकता दिइनेछ ।

**९. आवेदन साथ संलग्नगर्नु पर्ने कागजातहरु :-**

आवेदक स्वयंले प्रमाणित गरेको देहायबमोजिम कागजातको प्रतिलिपिहरु

- नेपाली नगरिकता
- न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र
- चारित्रिक प्रमाण पत्र
- तालिमको प्रमाणपत्र
- कार्य अनुभव भए सोको कागजात

**१०. सेवा सुविधा तथा कार्य अवधी:-** करार सम्झौतामा उल्लेख भए बमोजिम ।

**११. कार्य विवरण :-** अभिलेख प्रशासकको हकमा स्थानीय सरकार संचालन ऐन, २०७४ तथा हेटौडा उपमहानगरपालिका न्यायिक समिति कार्यविधि ऐन, २०७४ बमोजिम तथा अन्य पदको हकमा सम्बन्धित सेवाको पदले गर्ने गरी तोकिएका कार्यहरु ।

**१२. कामगर्नु पर्ने स्थान:-** हेटौडा उपमहानगरपालिकाको कार्यालय र आवश्यकता अनुसार १९ वटै वडाहरु ।

**१३. परीक्षा मिति, समय र स्थान:** पछि सूचना प्रकाशित गरी जानकारी गराइनेछ ।

१४. उल्लेखित पदको लागि आवेदनको ढाँचा तथा अन्य विवरण कार्यालयको वेवसाइट hetaudamun.gov.np बाट उपलब्ध हुनेछ ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि सबिन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना